# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौथो अधिवेशन

## (एक्काइसौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७६/०३/११ गते, विहान ११:०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा विहान ११ बजेर ३६ मिनेटमा प्रारम्भ भयो।

### माननीय सभामुखज्यू

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु सर्वप्रथम म माननीय श्री हरिशरण आचार्यले विशेष समय माग गर्नु भएकोले आफ्नो भनाई राख्न अनुमति दिन्छु ।

### माननीय श्री हरिशरण आचार्यज्यू

एउटा भविष्य सुनिश्चित गर्ने एउटा नयाँ मोडमा उभिएका छौ । हामी यतिबेला गंभिर पनि छौ । यो राज्य हाम्रो लागि एउटा उपहार हो । यो मुलुक नेपालीका लागि एउटा गौरव हो र हाम्रो लागि सबैको लागि एउटा भावनासँग जोडिएको छ । यसको राष्ट्यिता, यसको नेपालीत्व यसको एउटा राजनीतिक गौरव हाम्रो लागि जीवन्त रहनेछ र राख्न सक्नुपर्छ र हामीलाई यतिबेला यो मुलुकले एउटा नयाँ सौभाग्य पनि दिएको छ । हामीले पहिलोपटक

संविधान सभाबाट संविधान निर्माण गरेर जनताको औकातलाई एकपटक यो मुलुकमा परिक्षण गरिराखेका छौ । यो परिक्षण गर्दे जाँदा हामी हाम्रा भविष्य कहाँ पुग्छन हामी नापी तौली गरिराखेका छौ । हामी यतिबेला हाम्रा दिनचर्याहरुलाई घटिया दिनचर्याहरुमा बदल्ने प्रयत्न गरिराखेका छौ । यो मुलुकले सायद यस्तै पक्कै खोजेको छैन । यो मुलुकले हामीलाई एउटा यस्तो सौभाग्य दिएको छ, त्यो सौभाग्य भनेको हामी त्यो संंविधान निर्माण गरेर तीन तहको एउटा सरकार र त्यो तीनटा तहभित्र फेरी एउटा आ आफनो राष्ट्यिता आफनो गौरव त्यो बोकेर संघीयताको एउटा नयाँ प्रयोगमा हामी जुटी राख्दा खेरी मलाई लाग्छ, हामी त्योभित्र लोकतन्त्रलाई सुदिर्ण गर्ने कुरा गरेका छौ । त्यो भित्र व्यवस्थापिका,कार्यपालिका र न्यायपालिकाका तीनटै तहलाई सुढृण र व्यवस्थित गर्ने कुरा गरिराखेका छौ । अनि सरकारका सवै अंगहरुलाई हामीले व्यवस्थित र सुढृण गर्ने कुरा गरिराखेका छौ अनि राज्य अनि त्यो संविधानलाई कार्यान्वयन गर्ने कुरा विषयवस्तु हाम्रो लागि साँच्चै धेरै चुनौतीको विषयवस्तु बनिराखेको छ । यो भित्र म अलिकति कहाँनेर ध्यान आकर्षित गराउन खोजिराखेको छु भने अवको यो दिन हाम्रो लागि ठुलो चुनौतीको दिन छ । यतिबेला केन्द्र संघमा एउटा प्रकारको सरकार प्रदेशमा अर्को प्रकारको सरकार अनि स्थानिय तहमा अर्को प्रकारको सरकार यो तीनटै सरकारको आ आफ्नै स्वतन्त्रता हेदाखेरी यो मुलुक धरापमा पदैछ । यो कुरा निश्चित छ अवको एक डेड बर्षभित्र सायद मैले अनुभूत गरिराखेको छु, यो नेपालमा एउटा राजनीतिक खडेरी पैदा हुँदैछ । त्यो राजनीतिक खडेरीको बीचबाट म अहिले पनि घोषणा गर्न चाहान्छु, त्यो बीचबाट नेपालमा एउटा नयाँ राजनैतिक घट्नाक्रमको जन्म हुनेछ । त्यो जन्मले तपाई हामी सवैलाई कुन अर्को नयाँ चुनौतीमा उफार्दैछ त्यो मलाई थाहा छैन । हामी अनुमान गरौ, यति मात्रै अवको यो स्थिति मलाई लाग्छ, हामी यो घट्नाक्रम हेर्दाखेरी केन्द्र सरकार आफ्नै तालले दौडने राष्ठ्यि गौरवको योजना अनि त्यस पछाडि आफ्नै ढंगको चाहि एउटा कार्यान्वयनको एउटा निकाय बनाउन खोज्ने अनि त्यस पछाडि प्रदेश सरकार फेरि रुन्चे स्वरमा उफ्रदै हिड्ने मतलव यस्तो प्रकृयाले अथवा स्थानिय तह फेरि म भन्दा ठुलो अरु कोहि छैन, अन्तीममा त मबाट सवै झुक्न आउनुपर्छ भन्ने प्रकारको

यो घमण्डले गर्दाखेरी यो संघीयता धरापमा पदैछ । मैले अहिले पनि भन्दैछु, यो संघीयतालाई साँच्चै बचाउने हो भने यो मुलुकमा प्रतिपक्ष पनि छ । यो मुलुकमा सत्तापक्ष पनि छ र यो मुलुकमा त्यो भन्दा बाहिर नागरिक समाज अथवा मिडियाकर्मीहरु पनि छन । यी सबैलाई समेटेर यो मुलुकलाई बनाउने त एकपटक प्रयन्त त गरौ । साच्चै सुखी र समृद्द मुलुक बन्न संभव छ । मलाई लाग्छ आज हामीले देखिराखेका छौ, सरकारले बजेटको एउटा कार्यक्रम पेश गर्छ । अनि त्यतिबेला सरकारले संझिदैन त्यो पल्लो साइडमा एउटा शक्ति उभिएको छ, अनि संझिन्छ आफुलाई मात्रै घमण्डको रुपमा एकातिर मात्र आफु उभिएको छु, अनि यो घमण्डले यो मुलुक सुखी र समृद्ध बन्न संभव छ ? अर्को पट्टी प्रतिपक्ष बलियो छ, यति कुरा ख्याल गरौ आगामी बर्ष आगामी दिन नेपालमा राजनितिक त्यति सजिलो छैन । नेपालमा कसैले चाहे जस्तो स्वछन्द गर्न सक्छु भन्ने कुरा घमण्ड कसैको टिक्नेवाला छैन । म दावाका साथ भन्छु, घमण्डकासाथ भन्छु, साच्चै यो मुलुक बनाउने कसै सँग हिम्मत छ भने अव त्यो एक डेड वर्षमा देखिदैछ । म अहिले पनि घोषणा गर्न चाहान्छु, तर प्रतिपक्ष र प्रमुख प्रतिपक्ष एउटा ढंगले उभिएको छ  म अहिले पनि मान्छु , सम्मान गर्छु, तर यहाँ अरु दलहरु पनि होलान आज सरकारले त्यो खिचडी थष्दै जाने हो भने त्यसमा अर्को दाल थष्दै जाने हो भने अनि त्यस पछाडि के बन्छ  ? शुरुमा प्रतिपक्ष छ भन्ने लागेन सरकारलाई ? प्रतिपक्ष पनि छ भन्ने कुराको त्यो अनुभुत पनि भएन ? अनि आएर अर्को खेश्रा थष्दै जाने अनि अर्को चाहि पाना थष्दै जाने, अर्का चिज चाहि सवै बढ्दे जाने के सरकारको यहि तरीका हो ? यहि रुपमा हो, मैले देख्छु, मैले सैद्धान्तिकरुपमा मैले बझेको छु, सुरकारले भनि राखेको छ एक करोड भन्दा माथिका सबै योजनाहरु क्रमागतमा जादै छ ।  मैले बझेको छु । तर आज ती योजना कता फालिए, कहाँ गए, कसरी गए मैले बजेटका सम्रग पक्ष मलाई कुनै विषयवस्तु टपिकसँग बोल्नु छैन अहिले पनि भन्छु, म अहिले पनि सभामुखसँग अनुरोध गर्न चाहान्छु कि टपिक्स मेरा लागि हाम्रो दलका लागि अब महत्वपूर्ण रहेन किन त्यो खेश्रा अरु थपिदै थपिदै जाने टपीक्समा बोल्नुको के अर्थ, के महत्व, म त्यसो भएर  म गरिमाकासाथ म भन्न चाहान्छु यो सदनलाई सम्मान गदैृ अनुरोध गर्न चाहान्छु कि हामी

खेश्राको निमित्त यो सदनमा उपस्थित भएका होइनौ । हामी एउटा राजनीतिक हैसियतका साथ यो सदनमा उपस्थित भएका छौ । आज जनताले एउटा म्यान्डेड दिएर पठाएको छ , त्यो भ्यान्डेड लाई प्रयोग गर्ने त्यो अधिकार प्रयोग गरेर हामी उपस्थित भएका छौ । आज त्यो अधिकारलाई कुन्ठित गर्ने फेरि त्यहाँभित्र खिचडी पकाउने अर्को खेल खेलिन्छ भने त्यतिबेला सायद कििह कतै उदाउने एउटा शक्ति त बाँकी होला नि ? त्यो कहि कतै उदाउने शक्ति बाँकी होला, आज यतिबेला मुलुक तयो संकटको बीचबाट उभिराखेको छ । यतिबेला एउटा राजनितिक संकटको रुपमा त्यो राजनीतिक संकट भनेको अर्को अराजकताले फाइदा उठाउने खोजको छ । म अहिले पनि अनुरोध गर्न चाहान्छु, गृहमन्त्रालय एकातिर एउटा ढंगले चाहि यति धेरै पाखण्डी बनिराखेको छ, हिजो आफ्नै कमरेड आफैले बन्दुक बोकाएको कमरेड आज आफैले त्यो बन्दुक लगाएर मार्दैछ । यस्तो प्रकृतिको घटना गर्दा खेरी यो मुलुक कहाँ जादै छ ? आज हामी के बनाउदै छौ ? यतापट्टी सरकार गंभीर बन्न जरुरी छ कि छैन ? दिन डाहडै मान्छेहरु मारिने दिन डाहडै अव चाहि गिरफ्तार हुने यो राजनीतिले हामीलाई कहाँ पर्याउछ ? एकपटक हिजो पंचायतलाई फर्केर हेरौ । हिजो ज्ञानेन्द्र शाहको त्यो शासन त्यो त्यतिबेलाको एकात्मक शासन प्रवृतिलाई हेरौ त्यो भन्दा फरक के बन्यो ? अनि हामी हामी यतिबेला नयाँ राजनीति एउटा घमण्ड बोकेर जनतामा फेरि अर्को अटास गर्दैछौ, यो अटासको बीचमा केछ ? अनि हामी घमण्डकासाथ भन्न सक्छौ, अनि ओहो हामी त जनताका सेवक हौ । यहि हो तरीका म दोश्रो चाटी पनि भन्न चाहान्छु, प्रतिपक्ष यहाँ छ, सत्तापक्ष पनि यहि छ । अनि मात्र सदन छ । तर त्यो प्रतिपक्षलाई छाँयामा राखेर अर्को विकल्प पनि छ भन्ने कुरा किन विर्सन्छन । आज हामी तपाईहरुलाई एउटा छाँयाले त यति लखेट्दै छ भने हामी विकल्पको रुपमा प्रस्तुत भैसकेका छौ, म यो पनि अनुरोध गर्न चाहान्छु, छाँयाले लखेटेको सरकारलाई विकल्पले के गर्छ म त्यतिबेला च्यालेन्ज गर्न चाहान्छु । अहिले पनि भन्न चाहान्छु । यो घमण्ड साच्चै एउटा खेश्राको रुपमा तपाईहरुले ल्याउनु हुन्छ अनि दिन डाहाडै अरु घटनाक्रमहरु बढ्दै जान्छन अनि त्यतिबेला मुलुक तपाईले चाहेर चल्न सक्छ त्यो संभव छ ? यसो भन्दाखेरी सरकारलाई खिसी टियुरी गरे

जस्तो अनुभूति होला ।  म भन्न चाहान्छु यो मुलुकमा अर्को एउटा अपोजिसनमा रहेको शक्ति यतिबेला त्यो धेरै ठुलो शक्ति छ, त्यो अपोजिसनमा रहेको शक्तिलाई कम आक्यौ भने यो मुलुकमा अको ृ दुर्घटना हुन सक्छ म घोषणा गर्न चाहान्छु । यदि होइन मुलुक यो मुलुकमा आर्थिक समृद्धिको एउटा नयाँ अंकुर पलाउन त्यो बनाउन चाहान्छौ भने एक पटक कम्तिमा सोचौ । गंभीर बनौ, अनि बल्ल तपाई हामी ठीक ठाउँमा पुगिन्छ । हामीले चाहाएको यो मुलुक बन्न संभव छ । त्यसैले म यतापटि अलिकति ध्यान आकर्षण गर्न चाहान्छु ।  यो खेश्राा म अहिले पनि भन्न चाहान्छु हिजो प्रतिपक्ष छ भन्ने कुरा सरकारले ख्याल गरेको भए त्यो प्रतिपक्षलाई बोलाएर तत्काल सरकारले किन छलफल गर्न चाहेन, अनि अहिले प्रतिपक्षको मतलव चाहि हामी म अहिले पनि भन्छु तेलाई साच्चै त्यो खेश्रालाई खारेज गरेर सरकारले फेरि पुनः बजेट ल्याउने घोषणा गरोस् । होइन भने अर्थमन्त्री ज्यू म अनुरोध गर्न चाहान्छु, साच्चै त्यो बजेट तपाईको त्यो बजेट वैधानिक हुने छैन  म घोषणा गर्न चाहान्छु । कि जनताले त्यसलाई मान्ने या नमान्ने होला अफिसियली तपाईहरुले मान्ने बनाउनु होला तर जनताले तेलाई वैधानिक बनाउने कि नबनाउने एउटा कुरा चुनौती छ । अर्को कुरा हामी सर्लाहीको एउटा घट्ना होला कसैले अर्को देशदोह्र मच्चाउन खोजेको होला उहाँहरुको आ आफ्नो विषयवस्तु होलान, तर तिनीहरु यहि जनता नेपाली जनता हुन भने नागरिकता हेनुस् । नागरिकता हेर्नुस् र त्यो नागरिकता देखाएर मान्छे कोही नेपाली हो भनेर भन्छ भने उसलाई हात खुट्टा भाँचेर होइन एकपटक सम्मानका साथ जिउने एउटा वातावरण बनाउनुस् । त्यो सरकारको नैतिकता आज एउटा कमरेडले अर्को कमरेडलाई मार्ने, अर्को व्यक्तिले अर्को व्यक्तिलाई मार्ने यहि चलन हो भने त्यो ज्ञानेन्द्र शासन कि नेपालमा साच्चै नेपालमा फर्किन खोजेको हो । नयाँ ज्ञानेन्द्र शासन को रुपमा फर्कन खोज्यो सायद अर्को टोपी लगाएका राजा त जन्मिन खोजेबा होइनन  यो मुलुकमा एउटा चिन्ताको विषय बनेको छ । त्यसैले सबै शक्तिहरु लाई सबै राजनैतिक पार्टीहरुलाइ सवैलाई एउटै व्यवहार गरेर समान व्यवहार गरेर यो मुलुकमा जीउने हरेक नागरिकको नागरिक अधिकारको संरक्षण गर्नका निमित्त सरकार लागोस् र विशेष अनुरोध गर्न चाहान्छु ।

आगामी दिन म अहिले पनि भन्छु, नागरिकको जीउन पाउने अधिकारको सरकारले ग्यारेण्टी गरोस् म आग्रह गर्न चाहान्छु । र अन्तमा यो मुलुक एउटा गरिवी र एउटा पछौटेपनबाट गुज्रिराखेको छ, हामी आर्थिक विकास र समृद्धिको निमित्त एउटा नयाँ चेतना छरिराखेका छौ । यो त्यो चेतनाबाट यो मुलुकलाई साच्चै हामीले एउटा नयाँ ठाउँमा पर्याउने हो भने आज हामीले हामीले ल्याइराखेका यो खेश्रा बजेटहरुबाट यो मुलुक कहिल्यै बन्नेवाला छैन । हाम्रा यस्ता पछौटे चेतनाबाट सवभन्दा अगाडि हामी यो खेश्रा ल्याउनु नै थियो भने यति धेरै पोहर साल त तयारी भएन म मान्छु, म अहिले पनि मान्छु, पोहर साल कुनै पनि तयारी थिएन । सरकार पनि त्यो कुरामा माइन्ड मेकअप गरेर चाहि जन्मीदै आको स्थिति थिएन । तर यो वर्ष एक वर्षका यो पिरेड गुच्चा खेलेर बसियो ? के साच्चै सरकार चाहि निदाएर बस्यो ? अनि त्यो तरीका कुन तरीका बन्यो ? अनि त्यसपछाडि अहिले आएर फेरि बीच बीचमा अर्को खेश्राहरु थप्दै अनि मान्छेको भावनामा खेलवाड गर्ने ? मान्छेको चेतनामा खेलवाड गर्ने ? मान्छेका बुझाइ माथि खेलवाड गर्ने ? यो तत्काल खारेज गरियोस् म आग्रह गर्न चाहान्छु, हामी हाम्रो दलको तर्फबाट यो बजेटमा कुनै पनि सहभागिता नजनाउने कुरा घोषणा गर्न चाहान्छु । धन्यवाद । नमस्कार ।

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु, अव माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले मिति २०७६ साल असार ५ गते सभा समक्ष प्रस्तुत गर्नु भएको विनियोजन विधेयक २०७६ माथि को बाँकी छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, सर्वप्रथम म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमान लाई मिति २०७६ साल असार ९ गते छलफलको क्रममा आफ्नो मन्त्रालयसँग संवन्धित विषयमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय आर्थिक मामिला तथा कानुन मन्त्री श्री हरि बहादुर चुमानज्यू

माननीय सभामुख महोदय, गत असार ९ गते पेश भएको विनियोजित विधेयक त्यसमा पनि विषयगत मन्त्रालयको हिसावले आन्तरीक मामिला मन्त्रालय संग संवन्धीत विनियोजित बजेटको बारेमा छलफल शूरु भएको छ र त्यस क्रममा माननीय सदस्यहरुले मुख्यतः आफ्ना जिज्ञासाहरु राख्नु भको छ र त्यो जिज्ञासा मेट्नको निम्ति जिज्ञासा बारे स्पष्ट पार्नको निम्ति म यहाँ उभिएको छु । यहाँ उभिदै गर्दा बजेटकै सन्दभमा विषय उठान भिन्न तरीकाबाट भएकोले त्यस बारेमा केहि बोल्नै पर्ने देखियो यसकारण म माननीय सभामुख बाट अनुमति चाहान्छु । र मैले यो बजेटको विषयमा अन्तमा बोल्छु भन्ने ठान्याथे, तर शुरुमै बोल्नु पर्ने वाध्यता यहाँ सिर्जना भो । यो बजेट एउटा जिम्मेवार प्रदेश सरकारले पेश गरेको बजेट हो । अत्यन्त जिम्मेवारपूर्वक यो बजेट यहाँ पेश भएको छ । र अर्को कुरा विनियोजित बजेट जुन यहाँ वार्षिक कार्यक्रमको रुपमा यहाँ पेश भयो, त्यहाँ केहि प्राविधिक कमजोरी भएका हुन । त्यो प्राविधिक कमजोरी भनेको मुख्य सष्टवयरमा हामी एलएमबीआयस भन्छौ त्यसमा भएर पनि त्यो वार्षिक कार्यक्रममा केहि योजनाहरु छुट्न पुगेका हुन । त्यहाँ कुनै थपिएको होइन । र त्यो कुनै खेश्रा पनि होइन । र यस बारेमा प्रतिपक्ष का माननीय सदस्यहरुसँग सँगै बसेर हामीले हर्यौ, त्यहाँ कुनै कमिकमजोरी छैन । मात्रै प्राविधिक रुपमा मासिक कार्यक्रमको त्यो पुस्तिकामा केहि योजनाहरु छुटेका र ती छुटेका योजनाहरु यसै सदनमा हामी समक्ष प्रस्तुत भैसकेको छ । त्यसकारण ती कुनै थपिएका होइनन । र त्यो खेश्रा होइनन भन्ने कुरा म स्पष्ट गर्न चाहान्छु । र सत्तापक्ष र प्रतिपक्षको बीचमा यस बारेमा राम्रो गरी छलफल भएर स्पष्ट ता हासिल भैसकेपछि यो विनियोजन विधेयक माथिको छलफल अगाडि बढेको छ भन्ने कुरा म स्पष्ट गर्न चाहान्छु । अर्को कुरा मैले यो विषयमा धैरै नभनौ कि यो प्रदेश सरकार कितावको खुला पाना जस्तो छ । र हाम्रा नीति योजनाहरु पनि यसरी नै खुला छन । र यो बजेट पनि त्यसरी नै खुला छन । यो हामी सँगसँगै यो सम्मानित प्रदेश सभा समक्ष पेश हुदै गर्दा संगसँगै जनता पनि यसबाट सुसिचित भैराखेका छन । त्यसकारण यो विनियोजन विधेयक हाम्रो वार्षिक बजेट जनतामा त्यहि रुपमा स्थापित भैसकेको छ । यो पेश हुदाहुदे जनताको बीचमा नै त्यहि रुपमा

स्थापित भैसकेको कुरा हामी गर्भकासाथ भन्न सक्छौ । त्यसकारण यस सन्दभमा, यति कुरा मैले यो बजेटको सन्दभमा राख्नैपर्ने हुनाले राखे, र सँगसगै म प्रदेश सरकारको गतवर्षको कामको समीक्षा बजेटको होइन कामको समीक्षा दुई वाक्यमा गर्नुपर्दछ भन्ने मैले ठाने र यो हिसावले कामको समीक्षा गर्ने हिसावले गतवर्ष हाम्रो प्रदेश सरकारले कानुनी , प्रशासनिक र सांगाठानिक निर्माणको वर्ष भनेर घोषणा गरेको हो । हामीले त्यहि रुपमा बजेटलाई पनि केन्द्रित गर्थ्यौ र कामलाई पनि त्यहि रुपमा केन्द्रित गर्याथ्यौ । तर पनि त्यसको समीक्षा गर्दा मलाई के महसुुस भैराखेको छ भने यो चालु आर्थिक वर्ष कानुनी प्रशासनिक तथा संगठन संरचना निर्माणको वर्ष त भयो नै । र अझ नियालेर हेर्दा मैले चाहि यसको विश्लेषण कसरी गर्नु पर्छ भन्ने ठाने भने यो कानुनी प्रशासनिक र सांगठानिक संरचना निर्माण आधारको वर्ष आधार निर्माणको वर्ष भन्दा अझ ठोस विश्लेषण अझ ठोस निष्कर्ष निस्कन्छ भन्ने लागेयाछ किनभने कयौ संरचनाहरुका कानुनका त कानुनी संरचना हामले निर्माण गरेका छौ , तर अन्य भौतिक संरचनाहरु सांगाठानिक संरचनाहरु का हामले आधार मात्र निर्माण गरेका छौ । आधार मात्र निर्माण गर्न सक्यौ र त्यहि आधारमा उभिएर हामी त्यसका अरु संरचनाहरु चालु आगामी वर्षहरुमा निर्माण गर्दे जानेछौ । त्यसकारण मैले समिक्षाको सन्दभमा, के भन्न चाहे भने यो कानुनी, प्रशासनिक तथा सागटानिक संरचनाको आधार निर्माणको वर्ष चालु वर्ष रह्‌यो । र यसलाई निरन्तरता दिदै अव हामी साच्चै प्रदेश सरकारको निम्ति आवश्यक सवै संरचनाहरु भौतिक संरचनाहरु समेत निर्माण गरेर आगामी वर्ष हामी जाने छौ र त्यहि रुपमा यो बजेट आएको कुरा पनि मेरो बझाई यहाँहरु समक्ष यो सम्मानित सदन समक्ष राख्न चाहान्छु । र यति राखेर म आन्तरीक मामिला तथा कानुन मन्त्रालय सँग संवन्धित विनियोजित बजेट माथिको छलफलमा सहभागी माननीय सदस्यहरुलाई सर्वप्रथम म धन्यवाद दिन चाहान्छु । उहाँहरुले जिज्ञासाहरु नै राख्नु भाको छ । र सायद थोरै बजेट भएको मन्त्रालय अधिकार बाँडफाड तीनको सरकार बीचको अधिकार बाडफाडको सन्दभमा अझैपनि अधिकार प्राष्त नगरिसकेको मन्त्रालय आदि छानेर माननीय सदस्यहरुले थोरैले मात्र बोल्नु भो र जिज्ञासा

राख्नु भो । यदि हामीले अपेक्षा गरे जस्तै यसको बजेट हुन्थ्यो भने अर्थात यो प्रदेश सरकारले अधिकार प्राष्त गरेको हुन्थ्यो भने र त्यहि अनुसारको बजेट हुन्थ्यो भने सायद बोल्ने माननीय सदस्य हरुको अलि भिडै लाग्थ्यो होला । अर्थात अलि ठुलै संख्यामा बोल्नु हुन्थ्यो होला । र पनि अध्ययन यसलाई अलि त्यहिपनि अलि राम्ररी अलि गहिराईपूर्वक अध्ययन गरिदिनको निम्ति म सभामुख मार्फत आग्रह गर्न चाहान्छु । कि आन्तरीक मामिला तथा कानुन मन्त्रालयको बजेट ५९ करोड ३९ लाख ३६ हजार बजेट रहेको र यो बजेट टोटल बजेटको प्रदेश सरकारको टोटल बजेटको १ं.८४८ प्रतिशत रहेको कुरा यहाँहरु सवैले पक्कै ध्यान दिनु भएको थियो । र त्यहि रुपमा यो बजेट यहाँ आएको छ । र मैले यो बजेट शूरुमै सवै माननीय सदस्यहरुले कम भएको भनेर राख्नु भएको छ । कम भएको त महसुस भएकै छ, र पनि यो गर्दा गर्दै यस बारेमा यसको तयारी अथवा यसको बारेमा हाम्रा आवश्यकतालाई आन्तरी मामिला तथा कानुन मन्त्रालयको आवश्यकतालाई बुझाउने कुरामा बोध गराउने कुरामा पनि केहि कमि रहेको महसुस हुन्छ । र अ त्यति गर्दा गर्दै पनि फेरि यो इन्ट्ी गर्ने क्रममा एउटा प्राविधिक समस्या के थियो भने शरुमा सिलीङ बाँड्न सकिन्छ र त्यो सिलिङ बाँड्दा सिलिङ बाँड्ने काम भएको थियो । अव त्यो जान या अन्जान वश र त्यो सिलिङ भन्दा बढी रकम पहिल्यै इन्ट् िगर्दा पनि तयो सिलिङ भन्दा बढी रकम इन्ट् िनै नहुने यस्तो सिष्टम भएको र पछि त्यसलाई कम बजेट छुट बजेटहरु जुन आवश्यकता महसुुस भयो र त्यलाई इन्ट् िगराउने क्रममा अलि समयको चाप पनि परेकै कुरा हो यो कुरा मैले स्पष्ट गर्न चाहे र त्यही अनुसार अपुग बजेट अर्थ मन्त्रालयको विविध शीर्षकमा यहाँहरुले हाम्रा माननीय अर्थमन्त्रीज्यूले रोष्टममा उभिएर भनि सक्नु भएको छ । कि त्यहाँ अर्थ विविध शीर्षकमा यो बजेटको ३.अरु अव मलाई याद भएन सम्थीङ बजेट चाहि अव अर्थ विविधमा रहेको र त्यो अर्थ विविधबाट तेलाई संवोधन हुने एउटा सहमति एउटा विश्वास पनि प्राष्त भएको कुरा म यस सदन समक्ष जानकारी गराउन चाहान्छु । मैले बजेटको सन्द्रभमा, यति कुरा राखेर म मन्त्रालयसँगै संवन्धित विषयहरु यहाँहरुको जिज्ञासा अर्थात यहाँ उठेका जिज्ञासाहरु लाई स्पष्ट पार्ने गरी म केहि विषयहरु राख्न

चाहान्छु । हाम्रो यहाँ शुरुवात मैले यसरी गर्न चाहे, कि मन्त्रालयको नाम आन्तरीक मामिला तथा कानुन मन्त्रालय पटक पटक विभिन्न मंचहरुबाट यो आन्तरीक मामिला जुन भनियो यो कन्जुस्याईपूर्ण छ भन्ने पनि यस बारेमा आलोचना पनि गर्दै आइयो । र पनि यस पटक यो बजेटले पनि सुल्टाएको छ । भन्न त हामीले आन्तरीक मामिला तथा कानुन मन्त्रालय भन्ने गर्यौं तर गत आर्थिक वर्षसम्मको बजेट अर्थात चालु आर्थिक वर्षको बजेटले पनि यलाई कानुन तथा आन्तरीक मामिला बनाइराखेको छैन । तर यसपटक बजेटले आन्तरीक मामिला तथा कानुन नै बनाछ । त्यहि अनुसार नै बजेट आछ । र मैले यहाँहरु समक्ष कानुनको विषय मा शूरुमा नराखेर कानुनको विषयमा अन्तमा कुरा गर्दै छु । र सवभन्दा पहिला म शान्ति सुरक्षाको सन्र्दभमा यहाँहरु समक्ष स्पष्ट गर्न चाहान्छु । पहिलो कुरा यहाँ चर्चा भए, कि शान्ति सुरक्षा तथा सुशासन यो आर्थिक विकास तथा समृद्धि हामी भनिराखेका छौ यसको मूल आधार हो । शान्ति सुरक्षा तथा सुशासन विना अरु कुनै कुरा कल्पना गर्न सकिन्न यस बारेमा काफी चर्चा भैनसक्याछ । त्यति मात्रै होइन शान्तिसुरक्षा को व्ष्वस्था अर्थात आफ्नै प्रदेश सरकारको आफ्नै प्रशासनिक सुरक्षा संयन्त्र भएन भने त्यो सरकार पनि हुन सक्दैन । यस अर्थ सरकार हुनको निम्ति पनि यो शान्ति सुरक्षा प्रशासनिक संरचना आवश्यक पर्छ । यसकारण चाहि यो मन्त्रालयको मुख्य भूमिका शान्तिसुरक्षा सुशासन नै हुनपर्छ । र हुने गरी अव यो बजेटको विन्यास गर्न खोजियाछ यसपटक । यस सन्र्दभमा यहाँ स्पष्ट गरै,ा हामी आगामी वर्ष प्रदेश प्रहरी अनुसन्धान व्यूरो हामी गठन गर्नेछौ । हामीलाई कानुनले केहि समस्या पारेको हो । यो कानुन चालु वर्षमा त्यो संघमा उसले हाम्रो निम्ति आधार र मापदण्ड तयार गर्छन पेश भैसकयाछ, पक्कै पनि त्यो छिटै पारित हुनेछ । यो पारित हुने वित्तिकै हामी यहाँ कानुन प्रहरी ऐन, शान्तिसुरक्षा ऐन, यहाँ पेश गर्नेछौ । र तेलाई पारित गरेर हामी प्रदेश प्रहरी अनुसन्धान व्यूरो गठन गर्नेछौ । र तेसको निम्ति यहाँ अही चर्को अस्ती पनि चर्चा भयो यो प्रदेश प्रहरीको भावी संरचना निर्माणको निम्ति हाम्ले केिहि रकम पनि छुट्याछौ यो भावी संरचनाको बारेमा हामी जिल्ला जिल्लामा ११ वटै जिल्लामा पुगेर ओ एन एम भन्छौ यसको

संगठन संरचना जनशक्ति यी सवै आवश्यक पर्छ, भन्ने कुरा हामी जिल्ला जिल्लामा गएर यसबारेमा छलफल गर्छौ । र त्यो संरचना निर्माण अव हामी शुरु देखि नै थाल्छौ । र यहि वर्ष थाल्ने भनेका थियौ, विविध कठिनाई त्यो संभव भएन । यी सवै कुराहरु अव हामी प्रदेश प्रहरी अनुसन्धान व्यूरो निर्माणको निम्ति गइराख्याछौ । यस सन्दभमा छुट्याइएको हो यो प्रदेश प्रहरी भावी संरचना निर्माणको निम्ति कैहि बजेट छुट्याइयाछ, त्यो सन्दभमा हो भन्ने कुरा स्पष्ट गर्न चाहान्छु । त्यसरी नै हामीसँग तालिम केन्द्र छैन । थिएन र अहिले त्यसको निम्ति जग्गा प्राष्त भाको छ । प्रदेश प्रहरी तालिक केन्द्रको निम्ति पोखरा महानगरपालिका वडा नं. १५ ढुंगेसाँधुमा ७६८ रोपनी जग्गा प्रदेश प्रहरी तालिम केन्द्रको निम्ति प्राष्त भैसकयाछ । र त्यसको डिजाइन स्टमेट पनि संघीय सरकारबाट भैसक्याछ । तर चालु वर्षमा त्यो कार्यान्वयन हुन सक्ने अवस्था देखिएन । र त्यहाँ आवश्यक पर्ने त्यहाँ संघीय सरकारको बजेट बाट अपुग कुराहरुमा हामीले सर्पोट गर्नुपर्ने हुन्छ  भनेर हामीले त्यसको निम्ति बजेटको व्यवस्था गरेका छौ । त्यसरी प्रदेश प्रहरी टफिक कार्यालय िहजो एक जना इस्पेक्टर को नेतृत्वमा प्रदेश भरिको टफीक संचालन भएको थियो । अहिले प्रदेश प्रहरी प्रदेश ट्फिक  प्रहरी कार्यालयको स्थापना भैसकेको छ गगनगौडामा । र त्यसको संरचनालाई पनि हामीले संरचना निर्माण लगायत जिल्ला जिल्लामा पनि त्यस बारेमा हाम्ले टफिक कार्यालय सुदृढ गर्नुपर्ने आवश्यक छ । त्यो हिसावले पनि हामले बजेटको विन्यास गरेका छौ । र अहिले यस सन्दभमा प्रश्न के उठ्न सक्छ भने यी सवै त प्रदेश सरकार मातहत आइसक्या छैनन, अहिले पनि संघीय सरकार मातहत नै छन । संघीय सरकार मातहत रहेका निकायहरुलाई हामी बजेट विन्यास गर्न सक्छौ ? भन्ने प्रश्नहरु उठ्न सक्छन । हामीले अहिले समन्वय गरेर यी सवै संरचना निकायहरु लाई प्रदेश सरकारले समन्वय गरेर परिचालन संचालन गरि राख्याछ । प्रदेश सरकार र यी सवै निकायहरु सेना, सशस्त्र, नेपाल प्रहरी अव हामीसँग एक किसिमले हामी मार्फत संचालन भएको छ भन्न पनि सकिन्छ । सुरक्षा समितिमा नेपाल प्रहरी सदस्य छ । तर सशस्त्र प्रहरी नेपाल के रे नेपाली सेना त्यहाँ आमन्त्रित मात्र हुन्छ । यसकारण अव यो नेपाल प्रहरीको

हिसावले त हामी समन्वयपूर्वक यसको परिचालन भैराखेको छ । र पनि भोली प्रदेश प्रहरी बन्दा भोली प्रदेश प्रहरी गटन हुदा खेरी यिनै संरचनाहरु यिनै निकायहरु यीनै जनशक्ति नै हामी मार्फत आउने हुन । प्रदेश सरकार मार्फत आउने हुन । र शान्तिसुरक्षा र अमनचैन कायम गर्नको निम्ति अव हामी यहि जनशक्तिलाइ परिचालन गर्दैछौ । यहि निकायलाई परिचालन गरिराखेका छौ । यसकारण अव त्यहाँका अष्ठेराहरु हामी एउटा जिम्मेवार सरकारको हैसियतबाट त्यसलाई हेरिराख्न सक्दैनौ । यसकारण गतवर्ष नै १६ बटा प्रहरी चौकी निर्माण गर्नको निम्ति पहल गर्यौ त्यसलाई कार्यान्वयन गर्न त सकिएन आगामी वर्ष त्यसको कार्यान्वयन हुनेछ । त्यसरी िनै सवारी साधनको हिसावले कम्तिमा नै मोटरसाइकल उपलब्ध गराऔ भनेर हामी त्यो प्रक्रियामा लागि राखेका छौ । करिव करिव ९२ लाख बराबरको मोटर साइकल चौकीहरुको निम्ति खासगरी ग्रामीण क्षेत्रका चौकीहरुको निम्ति अव त्यो दिदैछौ । र आगामी वर्षमा पनि हामीले १६ वटा चौकीहरुको साथै थप चौकीहरु निर्माण का लागि पनि बजेटको विन्यास गरेका छौ । र त्यसरी नै अव यो चालु वर्षमा हामीले कारागारहरुको पनि अध्ययन गर्यौ । यी सवै कारगारहरु नवलपुरमा त कारागार बनेको अवस्था छैन । अन्यत्र सवै कारागारहरु जिर्ण अवस्थामा छन । त्यहाँ जति त्यसको क्षमता हो त्यो भन्दा दुईगुणा बढीसम्म वन्दीहरु त्यहाँ रहेका छन । र त्यहाँको खानेपानीको अभाव, शौचालयको अभाव यी आदि लगाएतका कुराहरु लाई यहि चालु वर्षमे हामीले संवोधन गरेका छौ । कास्की कारागारमा त त्यहाँ दश लाख बरावरको प्रिफ्रयाक बनाएका छौ । यो हिसावले यसलाई चालु वर्षमै गरेका छौ भने आगामी वर्षमा हुन त अलि थोरै न छ बजेट ३५ लाख मात्रै छ, यसलाई पनि त्यसको आवश्यकता अनुसार विस्तार गर्न सक्नेछौ भन्ने विश्वास पनि यस सदन समक्ष जायर गर्न चाहान्छु । त्यसरी नै एउटा वालसुधार गृह यो बाल सुधार गृह पनि एउटा एउटा जेल नै हो । १८ वर्ष मुनिका अपराधहरुमा अब संलग्न ती बालकहरुलाई त्यो बाल सुधार गृहमा राखिएको हुन्छ त्यो एउटा जेल नै हो । र त्यो एउटा बाल सुधार गृह हाम्रो यहि पोखरा महानगरपालिकाको सायद वडा नं. १८ सराङकोट त्यो गेयारजाती मा रहेको छ । त्यहाँको एउटा स्कुलको बिजोग रहेछ ।

स्कुल एउटा दयनीय अवस्थामा रहेछ तेलाई नि अव संवोधन गर्नुपर्छ, अनि यो कारागार सँगसँगै हिरासत पनि र हिरासतको बारेमा चालु वर्षमा हाम्ले केहि गर्न सक्या थिएनौ, हिरासत सुधारको निम्ति केहि गर्नुपर्छ भन्ने सोच हाम्ले बनाकाछौ । त्यसरी नै लागू ओषध संवन्धमा पनि यहाँ कुरा उठे । यो लागु औषध दूर्वेसनी एउटा चुनौती सरकारको नेपाल सरकारको पनि प्रदेश सरकारको पनि यो मुख्य चुनौतीको रुपमा अगाडि आएको छ । यी जति अपराधहरु छन तिनमा कुनै न कूनै ढंगले यो लागु औषध दूर्वेसनीहरु जोडिएका छन । त्यसकारण यसको न्यूनीकरणको लागि अहिले हामीले मुख्यत सचेतनाका कार्यक्रमहरु संचालन गछौ । त्यो सचेतना कार्यक्रम पनि एउटा टोल सम्म नै पुगेको एउटा संरचना छ । त्यो भनेको समुदाय प्रहरी साझेदारी अभियान त्यो अभियान कै रुपमा अगाडि बढिराखेको छ । त्यसकारण समुदाय प्रहरी साझेदारी मार्फत यो साझेदारी कार्यक्रम संचालन गर्न सक्दा टोल टोलमा पुग्छ र यो न्यूनिकरणको निम्ति यसले मद्दत गर्छ भन्ने हिसावले यसको निम्ति बजेट विन्यास गरिएको छ । यसरी नै सडक सुरक्षाको संर्दभमा पनि अब सडक सुरक्षा पनि एउटा चुनौती बनिराखेको छ । यस संर्दभमा यस पटक अलि धैरै बजेट यो क्षेत्रमा छुट्याएका छौ । त्यसको निम्ति अव यो टफीक प्हरीको निम्ति उपकरणको व्यवस्था टफिकको व्यवस्थापनको अब यो प्रशिक्षण, तालिम, सीसीटिवी लगायतका कुराहरुमा बजेट अनुसार यो सुहाउदो नै बजेट अनुसार विन्यास गर्न सकेका छौ । त्यसकारण चाहि यी चुनौती हरुको पनि सामना गर्दै यो प्रदेश सरकारलाई सहज हुनेछ भन्ने एउटा विश्वास प्राष्त भएको छ । त्यसरी नै यो विपतको संर्दभमा हामीले विपत भन्ने वित्तिकै अलि हाम्ले बुझाउन पनि सकेनौ, आम जनसमुदायमा विपत भन्ने वित्तिकै राहततिर धयान जाने । राहततिर बढी ध्यान जाने तर यो मन्त्रालय अन्तर्गत रहेको यो विपत व्यवस्थापन कोष मुख्यत उद्दारमा केन्द्रित हो । उद्दारमा जोड दिनको निम्ति हो भन्ने कुरा म सभामुख मार्फत यस सदन समक्ष राख्न चाहान्छु र अहिले हामीले बढी उद्दारलाई जोड दिन चाहान्छौ । र त्यहीरुपले यसको कार्यविधिहरु पनि हाम्ले निर्माण गरेका छौ र सगसँगै केहि राहतहरु पनि हा्मले वितरण गर्नेपर्ने हुन्छ । त्यसको निम्ति पनि यो दोहोरो नपर्ने गरी भन्ने छ यो दोहोरो

नपर्ने गरीलाई हटाएर कार्यविधिलाई पनि सच्चाउनेछौ । र सगसगै अघि मैले पनि भने उद्दारको निम्ति जोड दिने भनेकाछौ । र उद्दारमा पनि अब तालमा, सेतीका खोचहरुमा, नदीहरुमा जुन दूर्घटनाहरु हुने गर्छन, र तुरुन्तै त्यसको उद्दार गर्न जरुरी हुन्छ । त्यसको निम्ति ती उद्दारकर्मीहरुलाई ओइली इक्युड गर्नुपनृ अर्थात तेलाई उपकरणयुक्त बनाउनुपर्ने कुरालाई अलि बढी जोड दिएको छ । यस मध्य ६० लाख रुपया त हाम्ले उपकरण खरिद गर्नको निम्ति हाम्ले यसपटक विन्यास गरेका छौ । यस संर्दभमा यति कुरा राख्दै अर्को कुरा यो विपत व्यहोर्नु भन्दा अर्थात विपत आइसकेपछि उद्दार र राहतको कुरा भन्दा विपतबाट पूर्व सचेत बन्नको निम्ति अर्थात पूर्व सुचना प्रणाली लाई व्यवस्थित गर्नको निम्ति यस पटक १ करोड रुपैया विन्यास भएको छ । चालु वर्षमा हाम्ले यसको अध्ययन गरेका छौ । जोखिम क्षेत्रको पहिचान गनृ, त्यसको नक्शांकन गर्ने , कामको निम्ति त्यो काम हाम्ले गरेका छौ र आगामी वर्ष त्यसैको आधारमा यो पूर्व सुचना प्रणालीको व्यवस्था गर्नेछौ । र त्यसरी नै यो अन्य सूचना संचारमा पनि यसपटक हामीले गतवर्ष भन्दा यो पत्रकार, मिडिया परिचालनमा बजेट अलि फराकिलो बनाएका छौ । अलि धेरै फराकिलो बनाउन खोजेका छौ । त्यसरी नै संचार ग्राम यो वर्षमा चालु वर्षमा संघले पठाएको ५० लाख हाम्रो जग्गाको अभावमा तेलाई कार्यान्वयन गर्न सकेनौ । रेडियो नेपालसँग करिव करिव ११८ रोपनी जग्गा रहेको छ, त्यो जग्गा मध्ये हामीलाई १५ रोपनी जग्गा उपलब्ध हुनुपर्यो भनेर हाम्ले माग गरेका छौ । त्यहाँ सहमति जनाउने कुरा पनि भैराखेको छ । त्यो जग्गा प्राष्त हुनासाथ हामी संचार ग्राम निर्माण गर्नेछौ । त्यो संघसँगको साझेदारीमा । त्यसरी नै त्यो हाम्रो ५० लाख पुर्याकाछौ । संघले त्यो ५० लाख दिन्छ र १ करोड हुन्छ त्यहि १ करोडले हाम्ले काम शूरु गछौ । र यो आइ टी पार्कको बारेमा आइ टी पार्क सुचना प्रणालीसित मात्रै संवन्धित छैन, यो प्रदेशको उधोग, व्यवसाय, पर्यटन सवै क्षेत्रसँग यो आइटी पार्क संवन्धित छ । र यसको हामीले डीपीआर तयार गर्नेछौ । र सायद यो आइटी पार्क प्रदेश सरकारले यो वर्ष त हामीले गर्न सकेनौ आगामी वर्ष सायद शुरुमै लगानी संमेलन सरकारले गर्नेछ । लगानी संमेलनको एउटा एजेण्डा यो आइटी पार्क अवश्य नै

बन्नेछ भन्ने विश्वासका साथ हाम्ले यो आइटी पार्क लाई अगाडि बढाइराखेका छौ । सधै अहिले नयाँ कार्यक्रम भनेको यो अष्टीकल फाइवर बिछ्याउने अर्थात यो ब्रोडव्याण्ड नेटवर्क विस्तार गर्ने घर घरसम्म विस्तार गर्ने यो नीजिक्षेत्रसँग साझेदारी गरेर हामी अगाडि बढ्न खोज्दैछौ यो नयाँ छ । यो नयाँ छ चालु वर्ष ने यसको हामी अध्ययनको साथसाथै अव नीजिक्षेत्रसँग समन्वय गरेर अगाडि बढ्ने कुरा गर्नेछौ । तेसरी नै अव यसपटक द्धन्द पिडितहरु लाई पनि राहत पुनस्थापनाको बजेट छुट्याइएको छ गतवर्ष चालु वर्षमा थिएन । अब आगामी वर्षमा हामीले यससंवन्धि बजेटको व्यवस्था गरेका छौ । र यो अत्यन्तै दयनीय अवस्थामा रहेका यस्ता द्धन्द पीढितहरुको शहित परिवार, वेपत्ता परिवार, घाइते अपाङ लगायतका द्धन्द पीडितहरुलाई संवोधन गर्न सकिनेछ । र मैले अब अन्तीम कुरा भन्न लाए, त्यो भनेको कानुन हो , कानुन को संर्दभमा त्यति धैरै भन्न पर्ने छैन कि हामीले यसको आधारभूत संरचनाहरु कानुनी संरचना निर्माण गरेका छौ । र पनि एकल सुचीमा अनुसुची ६ जो प्रदेशको एकल अधिकार सुची हो त्यो एकल अधिकार संवन्धि सुची सवै कानुनहरु बनाउन सक्याछैनौ । मैले अघि नै चर्चा गरे प्रहरी ऐन नै त्यो अनुसुचीको महत्वपूर्ण कानुन हो । लोक सेवा आयोग हामीले पेश गरिसक्याछौ । लगायतका शान्तिसुरक्षा लगाएतका कानुनहरु निर्माण गर्न बाँकी नै छ । र अब हामी साझासुची मा नि प्रवेश गर्दैछौ । साझासुचीका कानुनहरु निर्माण गर्ने क्रममा पनि हामी प्रवेश गदैछौ । त्यो साझा सुचीको कानुन निर्माण गर्ने क्रममा यसको सरोकारवालाको दायरा साझासुची अनुसारको कानुनहरु निर्माण गर्दा सरोकारवालाहरुको दायरा पनि निकै फराकिलो बन्छ । त्यसकारण निकै ठुलो दायरामा हामीले सरोकारवालाहरुसँग छलफल गरेर मात्र हाम्ले यो कानुन निर्माण गर्न सक्छौ । त्यसकारण यो कानुन निर्माणको संर्दभमा जुन बजेटिङ गरिएको छ यलाई अलि बढी भयो कि भन्ने कुराहरु पनि उठ्यो, अब यो आवशयकतालाई हेर्दा तेती बढी महसुस हुन्न । त्यसरी नै मुलुकी संहीता, फौजदारी संहिता र प्रदेश कानुन बारेमा आम जनसमुदायमा आमनागरिकको बीचमा सुसुचित गराउनु पर्ने आवश्यकता हुन्छ । कानुनको अनविज्ञता स्वीकार्य नहुने कुरा हामी सवैलाई थाहा छ हामी त्यो भन्छौ ।

तर कानुनको संर्दभमा नागरिकहरु अनबिज्ञ नै छन यो कुरालाई बुझेर यो सुसुचित गर्नको निम्ति नै हामीले केहि बजेटहरु अलि बढी लाग्न सक्छ त्यो बढी लागेको पनि मलाई के लाग्छ भने देखि उही एउटाले भन्थ्यो रे, तिमी किन होचो भा ? भन्दा यहाँ ठ्याक्कै उल्टो छ । तिमी किन होचा भा भन्दा अरु सबै अग्लो भर भन्थ्यो रे । त्यस्तै यहाँ यो अलि अग्लो देखियो यहाँ चाहि । सष्टवयरको अलि बढी भन्ने कुरा जो आछ सष्टवरमा अलि बढी देखिनाको अर्थ के रहयो त भन्दा चाहि सष्टवयरमा अलि कम बजेट भएको कारणले हो भन्ने कुरा पनि म यहाँ स्पष्ट गनृ चाहान्छु र अर्को सँगै यहाँ स्पष्ट गर्नुपर्ने कुरा के रहयो भने यहाँ माननीय राजीव पहारी ले नै राख्र्नु भाथ्यो सायद कि यसको पूजीगत र चालु भनेर छुट्याएर राख्र्नु भाथ्यो । कि आन्तरीक मामिला तथा कानुन मन्त्रालयको बजेट चालु बढी भयो ६४ प्रतिशत चालु भयो । मात्रै ३६ प्रतिशत पूजीगत भयो भनेर राख्र्नु भाथ्यो । यो हाम्रो चाहि जो रातो किताव भनेर भन्छौ त्यहाँ विषयगत हिसावले शीर्षकको हिसावले बजेट छुट्याइने जुन काम भाछ चालु र आर्थिक भनेर अब यस संर्दभमा के छ त भन्दा खेरी त्यहाँ अलिकति मिल्या छैन । नमिलेया कुरा के छ भने चालुमा २१ करोड ४७ लाख छ त्यहाँ । तर चौकी निर्माणमा मात्रै यहाँहरुले अध्ययन गर्नु भो भने थाहा हुन्छ, साडे २२ करोड त चौकी निर्माणमा मात्रै छुट्ीएको छ । त्यसकारण यो ६४ र ३६ प्रतिशत मिल्या छैन । यो मलाई के लाग्छ भने यो करिव करिव बरावर छ । र आगामी वर्ष यो चालु वर्षमा आवश्यकता अनुसार थप गर्दै जाँदा पूजीगत थप गर्दै जाँदा कतिपय खर्च नभएका चालु खर्चहरुलाई रकामान्तर गर्दै जाँदा यो चाहि पूजीगत खर्च नै बढी हुने कुरा राख्दै र यो सन्दभमा जति विषयहरु उठे मैले सरसर्ती अझ बढी आन्तरीक मामिला तथा कानुन मन्त्रालयका बजेटका बारेमा स्पष्ट होस भनेर अलिकति समय लिएर मैले यहाँ राखे, र यति राखि सक्दा माननीय सदस्यहरुको जिज्ञासा पनि स्पष्ट भएको छ र आन्तरी मामिला तथा कानुन मन्त्रालयको बजेट लाई पनि सदन समक्ष स्पष्ट पार्न सकियो भन्ने विश्वास सहित विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, अबको छलफलमा विधेयकको भौतिक पूर्वाधार विकास मन्त्रालयसँग संवन्धित विभिन्न शीर्षकहरुमा छलफल हुने व्यहोरा अनुरोध गर्दछु ।  छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरुलाई छलफलको लागि १० मिनेटको समय निर्धारण गरेको छु ।

निर्धारित समयभित्र आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री आशा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय श्री आशा कोइरालाज्यू,**

माननीय सभामुख महोदय, आज हामी आर्थिक वर्ष २०७६।७७ को लागि प्रदेश सरकारले प्रस्तुत गरेको विनियोजन विधेयकको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको विनियोजन शीर्षकमा छलफल गर्न उपस्थित भएका छौ । यो भौतिक पूर्वाधार विकास मन्त्रालय सवैभन्दा धेरै विशाल कार्यक्षेत्र ओगटेको मन्त्रालय हो । मैले किताव हेर्दाखेरी ११६ देखि २५५ गरी १३९ पेजमा त यसका योजनाहरु केन्द्रित रहेछन । यसमा दिवस मनाउने देखि लिएर नीति विधी कार्यविधिहरु निर्माण गर्ने, तथ्याङ्क व्यवस्थापन गर्ने प्रदेश सरकार प्रदेश सभा भवन साथै अन्य सरकारी कार्यालयहरु को भवन निर्माण र अन्य व्यवस्थापन गर्ने, सौर्यउर्जा, विधुत, सिचाई, खानेपानी, शहरी विकास, भूजलाधार, ढल निर्माण प्रशोधन लगायत सडक, मोटररेवलपूल, झोलुङ्गेपुल, तट्वन्द, नदी नियन्त्रण, आवास व्यवस्था, सामुदायिक भवन, गुणस्तर प्रयोग प्रयोगशाला लगाएतका थुप्रै विषयहरु यो मन्त्रालय अन्तर्गत छन । त्यसैले यो भौतिक पूर्वाधार मन्त्रालय अत्यन्त महत्वपूर्ण छ । भौतिक अर्थात पूर्वाधारको विकास विना हामीले अन्य कुनै पनि विकासको कल्पना गर्न सक्दैनौ । त्यसैले यो चुनौती कार्य असाध्यै शानदार ढंगले यहाँ विनियोजन विधयकमा प्रस्तुत भएको छ । योजनाहरु बैज्ञानिक ढंगले आएका छन । त्यसैले म यसको समर्थन गर्दै प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिन चाहान्छु । यति हुदाहुदै पनि हामीले के देख्यौ भने सायद यो मन्त्रालयको चाहाना हुदाहुदै सबै योजनाहरु समेट्न गाह्रो पर्यो होला । केहि योजनाहरु

छुटेका छन । ती छुटेका योजनाहरुलाइ संवोधन गर्नुपर्ने आवश्यकता मैले देखेको छु । र केहि योजनाहरु यस्ता छन कि नाम ठेगानाहरु स्पष्टसँग उल्लेख गरेर सिफारिस गरिएका योजनाहरु पनि अन्तिम चरणमा आएर नाम र ठेगानाहरु परिवर्तन भएका छन । त्यस्ता योजनाहरुलाई तत्काले सच्चाइयोस् भनेर म हार्दिक आग्रह गर्न चाहान्छु । उदाहरणको लागि तनहुँको २ नं. निर्वाचन २, १ निर्वाचन क्षेत्र अन्तर्गत को शुक्लागण्डकी १० र ११ स्पष्ट रुपमा लेखेर क्याग्दीखोलाको दोभानमा मोटरयवल पूल निर्माण गर्ने भनिएको योजनालाई भिमाद ८ र शूक्लागण्डकी ११ जोड्ने क्याङदीखोला मोटर रेवल पुल मात्रै लेखियो । जव कि त्यहाँ शुक्लागण्डकी १० को ठाउँमा भिमाद ८ उल्लेख भएको छ र ज्याङलादी दोभान उल्लेख गरिएन । यस को मतलव भिमाद ८ र शुक्लागण्डकी ११ को कुनै पनि ठाउँमा क्याङदीखोलाले जोडदैन । त्यो चाहि भूगोल नै टच नभएको हुनाले यो योजना निश्चय भएको छ यस्ता १, २ वटा योजनाहरु परेका छन । यसलाई सच्चाउनको लागि म हार्दिक अनुरोध गर्दछु । असाध्य महत्वपूर्ण झोलुङेपुल छुटेको छ । केहि योजनाहरु अरु बेला पनि हामी छलफल गरौला । यो सिचाईका योजनाहरु नयाँ योजनाहरु ठीक छन तर पुरानाले निरन्तरता पाएका योजनाहरु कतिपय अवस्थामा ती नियमित बजेट चाहि कार्यान्वयन नहुने अवस्थामा रहेका छन ती योजनाहरुको राम्रोसँग छानविन गरेर आवश्यकलाई मात्रै निरन्तरता दिइयोस् । र बरु आवश्यक भएको ठाउँमा बढी संवोधन गर्ने र नभएका ठाउँका योजनाहरु हटाउने काममा प्रदेश सरकारले ध्यान दिनेछ म यो सुझाव पनि दिन चाहान्छु । मलाई एउटा उखानको याद आइरहेको छ अहिले मह काड्नेले हात चाट्छ भन्छन । हामीले मह काड्ले मात्र हात चाटेको देखेका छौ । गुलियो खायो भनेर उसको डाहा पनि गरेका छौ । तर मौरीले टोकेको त हामीले कहिल्य पनि देख्दैनौ । त्यसकारण त्यो कुराको राम्रोसँग अनुभूति हामी सबै जनाले गर्नुपर्छ भन्ने कुराको म यहाँहरुलाई बोध गर्न को लागि म अनुरोध गर्छु । किनकि प्रदेश सरकार रुन्चे स्वरले करायो भन्ने कुराहरु मैले सुनि राको छु । रुन्चे स्वरले कराये बरु मलाई त प्रदेश सरकार रुन्चे स्वरले कराएको होइन, प्रदेश सरकारले हरेक रुवाइको संवोधन गरेर अगाडि बढेको अनुभूति भाको छ । र अझै रुवाइको संवोधन

भएको छैन भने पूर्ण रुपले संवोधन गर्ने गरी प्रदेश सरकार अगाडि बढोस् सभामुख मार्फत म सरकारको ध्यानाकर्षण पनि गराउन चाहान्छु । यो खे्रश्राहरु थप्दै गयो, खेश्रा थप्ने कुरालाई तपाईहरुले नराम्रो मान्नु भो ? यदि कसैले कुनै कुरा जहिले सम्म पूर्ण हुदैन, पूर्ण नहुदासम्म हामीले खेश्रा थपिरहनु पर्छ । र त्यसलाई पूर्णता दिएपछि मात्रै त्यसमा पूर्णविराम लाग्छ । किनकि अहिलेको प्रदेश सरकारले जुन खेश्रा थपेको छ हिजो थप हामीलाइ १०, २० पाना थप योजनाहरु दिएको छ, त्यो त म के भन्न चाहान्छु भने यो सरकार जनउत्तरदायी सरकार हो । जनताका प्रतिनिधिहरुले राखेका आवाजहरु चाहे त्यो सरकार पक्षको प्रतिनिधि होस् चाहे सत्ता पक्षको प्रतिनिधि होस् वास्तविक जनताका प्रतिनिधिहरुले उठाएका आवाजहरुलाई संवोधन गर्नु यो राज्यको दायित्व हुन्छ । त्यसकारण त्यो दायित्व पुरा गरेको छ प्रदेश सरकारले । त्यसकारण किन आवाज सुनिस् र संवोधन गरिस् भन्ने कुरा कुनै लोकतन्त्र र परिवर्तनको लागि सुहाउने कुरा होइन । यततर्फ विचार गर्ने हो कि, साथ साथै यो राष्ट् अग्रगमनतिर जानुपर्छ । लोकतन्त्रको परिभाषा मैले धेरैचोटी यो रोष्टममा भनेको छु, र व्यहारमा देखेको छु । सबै जनाले अहिले स्वतन्त्रताको वकालत गरेका छन । स्वतन्त्रता भनेको स्वछन्द लगामविनाको घोडाजस्तो हुदैन । स्वतन्त्रता निश्चीत मूल्यमान्यता र विधि त्यहाँभित्र चाहि प्रक्रियाहरु भित्र रहेको हुन्छ । त्यसकारण अब यो राष्ट् निरपेक्ष स्वतन्त्रतामा होइन, सापेक्षरुपमा स्वतन्त्रताको उपयोग गर्दै अगाडि बढ्नुपर्ने हुन्छ । त्यसकारण अब यो राष्ट् हावाको गतिमा जुन हावा विपरित दिशाबाट आयो भने अर्को दिशातिर लरबरिने त्यस्तो हुनु हुदैन । अब यो राज्य र अहिलेको प्रदेश सरकार विकास र समृद्धिको नायक बन्नुपर्छ । त्यो विकास र समृद्धिको नायक बन्नको लागि यसले कुनैपनि बेला कुनै पनि ठाउँमा आउने कुनै पनि टोरनाडोलाई छेक्न सक्ने र फर्काउन सक्ने विशाल पहाड अथवा अटल पहाड जस्तो बन्न सक्नुपर्छ । अब यो प्रदेश सरकारले अथवा भौतिक पूर्वाधार मन्त्रालयले ल्याएका जति पनि योजनाहरु छन, यी योजनाहरु गतवर्षका योजनाहरु केहि प्रभावित भए, समय अभावको कारणले, नीति नियमहरुको कारणले, संरचना र हाम्रो जनशक्तिको अभावको कारणले अब अहिले ती बिस्तारै पूरा हुदै गएका छन,

समयमा कार्यक्रमको शुरुवात गर्ने, र समयमा कार्यान्वयन गर्नेतर्फ यो सरकारको ध्यान जाओस् । कम्तिमा जेठ मसान्तमा हामीले हरेक योजनाहरु कार्यान्वयन गरेर फरयौट भएको देख्न पाउँ, त्यहि अनुसार काम गर्न पाउँ यसको लागि प्रदेश सरकारलाई सफलता मिलोस् हार्दिक शुभकामना दिदै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्य श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री कृष्ण बहादुर थापाज्यू**

माननीय सभामुख महोदय, आज हामी विशेषतः यो विनियोजन विधयक २०७६ माथिको छलफलमा आज हामी यो भौतिक पूर्वाधार विकास मन्त्रालयसँग संवन्धित विषयमा हामी छलफल गर्न गइराखेका छौ । खासगरी यो मन्त्रालयसँग संवन्धित विषय मा चाहि विशेप गरेर समग्र पूर्वाधार निर्माण को जिम्वारी जिम्मेवारी भन्नाले महत्वपूर्व जिम्मेवारी मन्त्रालयले पाएको चाहि छ । र यसमा १६ अरव १५ करोड रुपैया विनियोजन भएको छ र यो रकमको पूर्ण बजेटको ४९ .६४ प्रतिशत हुन चाहि आउछ । विनियोजन रकम मध्येको ८४ करोड चालु खर्च तर्फ छ भने १५अर्व ११ करोड पुजीगत शीर्षकमा र विशेष गरेर यो भौतिक योजना मन्त्रालय ले यतिका धैरै ४९.६४ प्रतिशत बजेट खर्च गरिरहदा मलाई लाग्छ यो चाहि हाम्रो प्रदेशको लागि एकदमै यो सुखद अवस्था हो । भौतिक विकासको हिसावले किनभने हामी एकदमै  विकास सँग हामी सवैको चाहाना भनेको विकास विकास विकास एकदम छिटो विकास र आ आफ्नो क्षेत्रको विकास त्यस तर्फ हामी उन्मुख भएको हुनाले हाम्रो गण्डकी प्रदेशले जुन उद्देश्यका साथ यो बजेट ल्याएको छ यो एकदमै राम्रो छ । यसलाई हाम्ले आ आफ्नो ठाउँमा कार्यान्वयन गर्नको लागि विगतका अनुभवहरुबाट हामीले पाठ सिक्दै फेरि यो टोटल यो आ.व. ७६।७७ मा हाम्रो रकम खर्च हुनेछ र यसले हाम्रो यो गण्डकी प्रदेश को भौतिक पूर्वाधारमा एउटा कोशेढंगा सावित हुनेछ भन्ने मैले विश्वास लिएको छु, हामीले विश्वास लिएका छौ । तसर्थ यस मन्त्रालय अन्तर्गत को छलफलमा यसले ल्याएको

यो संपूर्ण विकास संवन्धि कार्यक्रममा मेरो तर्फबाट र मेरो पार्टी नेपाल कम्निष्ट पार्टीको तर्फबाट पूर्ण रुपमा समर्थन रहेको म जानकारी गराउन चाहान्छु । समर्थन मात्रै होइन हामी कार्यान्वयनको लागि नै यसमा लाग्नेछौ । यति भन्दा भन्दै केहि केहि विषयहरु यहाँ उठाउन जरुरी चाहि छ । बधाई छ सवैभन्दा धेरै बजेट स्याङजाले पाएको छ, करिव २३ करोड ९५ लाख । यो स्याङजा र गोर्खाको बराबर गर्दा राम्रो हन्थ्यो । २३ करोड लाखमा त बराबरै छ, ९५ लाख, ९५ लाख, १ करोड तल माथि छ तेलाई बराबर गरेर २३ सै करोड बनाको भा त्यो राम्रो हुन्थ्यो । र स्याङजा र गोर्खालाई धेरै धेरै बधाई व्यक्त गर्न म चाहान्छु । र सिंगो हाम्रो गण्डकी प्रदेशको सरकारलाई पनि एकदम धेरै धेरै धन्यवाद व्यक्त गर्न चाहान्छु । किनभने म जन्मेको ठाउँ वडा नं. १६ मा यले एकदम नयाँ सरकारले पहिलो पटक गल्फकोर्ष बनाउने कुरा ल्याएको छ त्यसको लागि धेरै धेरै धन्यवाद । म आफै चुनाव लडेको वडा नं. १५ मा यसले प्रदेश कै प्रहरीको तालिम केन्द्र अघि भर्खरै हाम्रो यहाँ अब हाम्ले गृह मन्त्री नै भन्नुपर्छ, योजना यो आन्तरीक मामिला भन्दा पनि कता कता यो गृह मन्त्रालय होइन कि जस्तो देखियाछ, पक्का गृह मन्त्री भन्न । उहाँ ले भनेको नै हाम्लाई यो जनपथ प्रहरीको चाहि तालिम केन्द्र पनि त्यहा नै पारिदिनुभाछ । त्यसको लागि पनि धेरै धेरै धन्यावाद । भर्खकै बजेटमा मेरो  वडा नं. ३३ मा प्रदेशकै चाहि हाम्रो बनाउने औधोगिक क्षेत्र पूर्वाधारको लागि पनि बजेट पार्नु भएको मा धेरै धेरै धन्यवाद व्यक्त गर्न चाहान्छु । सभामुख महोदय, अहिले भर्खरै केहि िकेिहि कुराहरु यहाँ चाहि सुन्यौ । मेरो अन्नयमित्र, एकदम प्यारो साथी माननीय सभासद् हरिशरणज्यूले केहि केहि विषयहरु उठाउनु भयो । ती विषयहरु उठाइरहदा म एकदमै त्यहा सुनिरको हरेकखालको ज्योतिषी त हुनुहुन्नहोला जस्तो लाग्छ मलाई किनकि उहा क्रान्तिकारी मान्छे नै हो । कन्तिकारी ज्योतिषी, ज्योतिषी विधा पनि नराम्रो खालको विधा त होइन । तर केहि केहि विषयहरु मलाई यहाँ सुन्दा जस्तै हाम्रो दिनचर्या घटिया तरीकाले भित्रीरहेका छन यो कुरासँग म सहमत छैन । हाम्रो दिनचर्या एकदम गोरवका साथ काउण्ड डाउन गरेर हामी विकासको लागि, समृद्धिको लागि, सुखी नेपाली र समृद्ध नेपाल बनाउनका लागि हामी अहोरात्र खटीराका चाहि छौ । यो कुरा हामी

सभासदले हेका राख्नुपर्छ भन्ने मलाई लाग्छ। र अबको एक दूई वर्षमा नेपालको राजनीतिक खरेडी पर्नेछ उथलपुथल हुनेछ मलाई लाग्छ नेपालमा त्यस्ता ज्योतिषीहरु भएको भए सायद नेपाल को राजतन्त्र हट्ने थिएन होला । आकाशमा चन्द्र सूर्य रिि्हन्जेलसम्म पंचायत रहन्छ भनेर पंचायतले भनेकै थियो। पंचायत पनि रहन्थ्यो त्यो पनि हट्ने थिएन होला। बरु हामीले यस्तो ज्योतिषी विधा हासिल गरौ, अब नेपालमा छिटो भन्दा छिटो यो संघीयतालाई।, यो लोकतन्त्रलाई र अहिलेको यो सुख र समृद्धिलाई जनताको पहुचमा कसरी पुर्याउने त्यसतर्फ नै हामी केन्द्रित हुनुपर्छ, र यो खरेडी होइन कि राजनीतिमा सधै सधै सदावहार एकदम चाहि हरियाली कसरी छाउने त्यसतर्फ नै हामी सधै उन्मुख हुनुपर्छ जस्तो मलाई चाहि लाग्छ। घट्नै घट्ने छ, ठोक्ने कै कुरा छ संघीयता धरापमा छ। मलाई लाग्छ जबसम्म नेपाली को आन्तरीक एकता र हामी सबै सत्तापक्ष, प्रतिपक्ष सबैले मिलेर यो संविधान बनाको र हामी सबै को एकमना यो देश राष्ट्यिता, समृद्धि, संघीयता, लोकतन्त्र, समावेशी यो सबै जोगाउनु को लागि हाम्रो प्रतिवद्धता भएको हुदा मलाई लाग्छ कुनै घट्ना घट्ने छैन। र त्यो चिन्ता लिनु भएकोमा हाम्रो एक असल मित्रले चिन्ता लिनु भएकोमा हाम्ले एकदमै त्यसलाई उहाँको चिन्ता प्रति चाहि हाम्ले पनि अब केहि आवश्यक चिन्ता त लिनुपर्छ। तर त्यो नलिइकन हामी सबै एकजुट भर लागौ भन्ने मेरो हार्दिक अनुरोध र फिल गर्न चाहान्छु। सभामुख महोदय, अब यी बजेटका केहि चुनौतीहरु चाहि छन है। यसतर्फ पनि हामी सबैले ध्यान दिन जरुरी छ । हाम्ले बोल्ने ठाउँ भनेको हाम्ले यो एकदमै सम्मानित यो सदनमा नै हो। हाम्रा विचार अब हुन त कतिपय चाहि हाम्रा कुराहरु सबै अब काठमाडौको सिहदरवारमा त टलिभिजनले यता साइड लगाएर उता साइड लगाएर एकदमै दाया वाया सबै हेरेर दुनियाले हेर्ने भको हुनाले हुन्थ्यो होला । अब हाम्रो पनि निकट भविष्यमा त्यो होला। सायद त्यो नभर हो कि छैन भने त्यो पनि व्यवस्था गर्न चाहि जरुरी छ। र यो बजेटको कतिपय कस्तो रहेछ भने यो निर्वाचित सभासद र हामी सबै सभासदहरु यसो पाना पल्टायो, अब त्यो क्षेत्रको नामै १० पाना पल्टाउदा नि एउटा पनि आफ्नो बजेट नपर्दा त घरिघरि पट्यार पनि लाग्ने स्थिति देखा पर्दो रैछ । त्यसतर्फ पनि हाम्ले ध्यान

दिन चाहि जरुरी ि छ यो बजेटको बारेमा कुरा गर्दा । र त्यस पछाडि यो राजधानी भनेको कुनै एउटा कास्कीको एउटा कुनै सभासद को होइन, राजधानी भनेको यो प्रदेशका जनताको सबैको आफ्नो एउटा सबैकोले इज्जत गर्ने सबैको प्रतिष्ठाको विषय हो । तपाईको राजधानी कस्तो छ, तपाई गण्डकी प्रदेशको नागरिक तपाई कस्तो राजधानीमा बस्नु हुन्छ, त्यो राजधानीको पूर्वाधार कस्तो छ, भनेर कसैले सोधेर त्यो हाम्ले देखाउन पर्यो भने त्यसमा कमिकमजोरी भयो भने कुनै एउटा कास्कीका मान्छे पोखरा नगरका नागरिकहरु को मात्र प्रतिष्ठाको विषय होइन । त्यो हामी सबै गण्डकी प्रदेशका नागरिकको सिंगो हामी सभासद हामी सबैको प्रतिष्ठाको विषय भएको हुनाले तेलाई जुन ढंगले एक खालको कयापीटल बजेटको रुपमा चाहि लगेर बनाउने भनेर भनिएको चाहि जुन थियो, त्यसतर्फ चाहि त्यति धेरै एउटा चित्त बुझाउने ठाउ चाहि देखिदैन । यो हाम्रो चुनौतीको रुपमा हामीले स्वीकार्नु पर्छ भन्ने मलाई चाहि लाग्छ । र मनाङ, मूस्ताङ र म्याग्दी पछि तलबाट चाहि गन्दै ल्याउदा अब चौथो नं. मा यो बजेटले कास्की लाई चाहि चौथो नं. मा चाहि भएको देखिन्छ । म अन्यथा त भन्दिन, तर यो बारेमा यहाँहरु सबै को मनमा त्यो लागेको हुनुपर्छ । अब आगामी दिनमा अथवा छिटै केहि कतै सोचन सक्ने, एक्सन गर्न सक्ने ठाउँ छन भने हाम्ले सोच्नुपर्छ मलाई चाहि लाग्छ । र अर्को हामी पटक पटक भष्टाचार भ्रष्टाचार कुरा उठाइरहेका छौ, आगामी बजेट कार्यान्वयन गर्दा खेरी मैले दोश्रो पटक उठाए, पटक पटक उठाउनेछु। नेपालमा भ्रष्टाचार भन्दा पनि कमिशन यो अहिले पनि एकदमै माकुराको जालो जस्तै चाहि र यसलाई हाम्ले कसरी समाष्त गर्ने, यो क्रान्तिकारी सरकार हो। यो कुनै ल्याखरा लुखुर सरकार होइन। इतिहासमा पहिलो पटक बनेको क्रान्तिकारी सरकार हो। कम्निष्टहरुको सरकार हो। तसर्थ यसले त्यो क्रान्तिकारी कदम चाल्नुपर्छ। यसमा हामी चुक्नु हुदैन र एकखालको चुनौतीको रुपमा यसलाई लिनुपर्छ भन्ने मलाई चाहि लाग्छ । सभामुख महोदय, अब यो सभासद्हरुसँग योजना माग्ने योजना पनि सभासदले बकाइदा ष्याडमा लेखेर दिने अब कि चाहि हाम्ले पहिल्यै नै त्यसको प्रतिशत भन्नु पर्रयो के सभासदले ल्याएको यो योजनाको यति प्रतिशत आफ्नो वरीपरी रहेका मान्छेले ल्याएको

यति प्रतिशत, अब उच्च पदस्थ व्यूरोक्रयाटहरुले ल्याएको यति प्रतिशत भनेर पहिल्यै भनिदियो भने त्यहि अनुसारको योजना हुन्छ । अब नत्रभने तेले समस्या चाहि पर्छ। उदाहरणको लागि वडा नं. १७ खानेपानी योजना फुर्सेखोला भन्नु पर्नेमा सत्र त सत्रै छ महानगरको सत्रै छ, तर खोलो चाहि अर्को छ, काहुँखोला भनेर लेख्याछ । वडा सत्र छ खोला अर्को छ । फुर्सेखोला लेख्नु पर्नेमा काहुँखोला लेख्दियाछ । उस्तै पर्यो भने त माननीय माननीयहरुको बीचमा पनि फेरि चाहि कसो कसो हुने समझदारी भए त राम्रै हो नत्र भने गतसाल पनि हाम्रो सुरौदी खोलामा त्यस्तै चाहि पर्याथ्यो । यो कुरालाई पनि अहिले हाम्ले गंभीरतापूर्वक हेर्न जरुरी छ र अर्को कि हामीले प्रदेशको सिंगो सर्ट टम र लङ टम प्लान बनाऔ र हाम्रो प्लान अनुसार यहाँ टासौ र यो प्लान अनुसार योजना आको भन्ने कुरा सक्किहाल्छ। होइन भने मलाई के लाग्छ भने, केहि आधार त हुन परयो नि योजनाको माननीय सदस्य समय सिद्धियो। त्यसो भर आधारमा हामीले योजनाहरु दिनुपर्छ विना आधारमा तोक आदेश को भरमा दिनुहुदैन भन्ने मलाई लाग्छ र यो सबै चुनौतीहरुको सामाना गर्दै यो भौतिक योजना मन्त्रालय मार्फत आएका बजेट एकदमै राम्रो छ यसलाई कार्यान्वयन गर्नका लागि हामी सबै लाग्नेछौं। मेरो र पार्टीको तर्फबाट पूर्ण सहयोग सहितको कार्यानवयन गर्नै प्रतिवद्धता व्यक्त गर्दै विदा हुन चाहान्छु।

धन्यवाद ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्य श्री चिन्त बहादुर घलेलाई छलपलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री चिन्त बहादुर घले ज्यू,**

माननीय सभामुख महोदय, आज यो गरिमामय संसदमा आ.व. २०७६।७७ को बार्षिक कार्यक्रमको संवन्धित छलफलमा उभिएको छु । माननीय सभामुख महोदय मपाई महोदय, पहिले गएको ६,७?८ गते अविरल वर्षाले ८ गते दिउसो साढे १ बजेतिर लमजुङ मनाङ सिमाना ङायादीखोला मोटरेवल पूल बाढीले लगेर मनाङ लमजुङ आगमगन बन्द छ । अब

मनाङमा खाधन्नको हाहाकार हुन्छ, त्यसकारणले माननीय सभामुख मार्फत गण्डकी प्रदेश सरकारलाई ध्यानाकर्षण गर्न चाहान्छु । तर त्यहि दिन चामे गा.पा.को चौकीमा सानो कुलो पनि बाढीले बगाएको छ बत्ती बन्द छ। माननीय सभामुख महोदय, आर्थिक बजेटमा पूर्वाधार सडक बढी देखियो । यो राम्रो हो त्यसमा पनि सडक पर्छ । जवसम्म बाटो सडक पुग्न सक्दैन त्यहाँ तवसम्म गरिवी उत्थान गर्न सक्दैन र समाजबाद उन्मुख हुन सक्दैन । माननीय सभामुख महोदय, नौ बुदे मुख्यमन्त्रीज्यूले बजेटमा भन्नु भयो चालु वर्षको सांसद क्षेत्र योजना क ख पाँच वर्ष सम्म पुग्ने अब चार वर्ष बाँकी छ । यसमा सडक किलो मिटर आधारमा बजेट व्यवस्था हुने भन्नु भयो । यस्तै मेरो पटक गरिमामय हाउसमा ध्यानाकर्षण गर्दै आएको छुु । छोटे लाकुरी भन्ज्याङ तिव्वत सीमाना सम्म जम्मा डुम्रेबाट जम्मा ५१ किलो मिटर मात्र छ । यस मध्ये अहिले हामी ले मनाङको धारापानीबाट ६५ किलो मिटर मात्र बनाउनुपर्छ । र ४ वर्षमा सघाउनको लागि अरु बरावर २ करोड रकमले असंभव हुन्छ । माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारलाई बढी बजेटको व्यवस्थालाई अनुरोधका साथ ध्यानाकर्षण गर्न चाहान्छु । माननीय सभामुख महोदय, यो वार्षिक कार्यक्रममा मैले उर्जा देखेन । बास्केटमा अथवा पोकामा के के हो, विनियोजन विधयकमा अब वास्केटमा राख्दिन भन्नु भएको थियो । गण्ढकी प्रदेश सरकारको नीतिमा अध्यारो कहि राख्दिन भन्नुभएको थियो, मैले पोहोर पनि मागे यस पालि पनि मागेको छु । यो ठाउँ संवन्धित मन्त्रीज्यूले ठाउँ पनि थाहा छ । टुरिष्ट एरिया होटल हो, यसमा मन्त्रीज्यूले पक्कै उज्यालोको व्यवस्था गरिदिनु हुन्छ होला भन्ने पूर्ण विश्वास प्रकट गर्छु । माननीय सभामुख महोदय, अहिले पनि केन्द्रबाट यो योजना पलानिङ गर्दा नेपाल अधिराज्य भरी एउटै गर्थ्यो । अहिले पनि गण्डकी प्रदेश सरकारले पनि एउटै पलानिङ गरेको जस्तो देखियो । हाम्रो प्रदेशमा हिमाल पारीको जिल्ला देखि पहाड र तराई जिल्ला पर्छ । हिमाल जिल्लामा पनि सष्पै एउटै खालको योजना रहदा अलि नमिलेको जस्तो हेर्दछु । मेरो क्षेत्रमा यस पालि पनि परेको योजना परि सक्यो, सफल बनाउनै पर्यो । अर्को वर्ष बजेट अगाडि ग(ण्डकी प्रदेश सरकारलाई तथा संवन्धित मन्त्री ज्यूलाई यो योजनाको साटो अरु योजनाको लागि म

अनुरोध गर्दछु र सरकार र मन्त्रीको विभेद , माननीय सभामुख महोदय, जनता आवासमा मनाङमा ५० वटा सिट दिएको छ । त्यसमा हाम्रो कार्यविधि अनुसार तेसमा दलित चाहि २६ जना मात्रै निस्कीयो । त्हाँ कार्यविधि के भन्छ राउटे, मुस्लीम केरे कुमाले छैन । त्यो कार्यविधिमा एकल महिला र अति गरिव जम्मा राखिदिए राम्रो हुन्छ होला । र आवास भवन निर्माण गर्दा तराई हिमाल पहाड एउटै राख्दियो जस्तै मनाङ लमजुङ ,,,,,,,,,,,,,,,मनाङमा साडे तीन फुट बन्न सक्दैन यसमा सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गर्न चाहान्छु । जय नेपाल ।

माननीय सभामुखज्यू,

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्य श्री पियारी थापा ज्यू,

माननीय सभामुख महोदय, हामीले यतिखेर विनियोजन विधयक २०७६ को मंन्त्रालयगत यो जुन वार्षिक विकास कार्यक्रम छ, भौतिक पूर्वाधार मन्त्रालयको आज छलफलको क्रममा रहिरहेका छौ । र मेरो भन्नु केहि छैन १० मिनेट पनि मेरा लागि धेरै हो भन्ने म यहाँ जानकारी गराउन चाहान्छु र सर्वप्रथम मैले के बाट शुरुवात गर्न चाहान्छु भने यो कार्यक्रम करायो करायो दक्षिणा हरायो यो विकास कार्यक्रमको मूल चरित्र भएर आएको छ । बारम्बार मन्त्रालय धाइयो सदनमा पनि अनौपचारिक रुपमा मन्त्री ज्यूलाई पनि त्यो कुरा जानकारी गराइयो र घच्घचाइयो तर रिजल्ट सन्तोषजनक आएन । शून्य भन्दा पनि हुन्छ । कतिपय जिल्लाहरुले विकासका कार्यक्रमहरुमा गोलमडल हाता पारे । गोमेडल हाता पारे र कतिपय जिल्लाहरुको कास्य पदक ल्याउन पनि हम्मे हम्मे पर्यो । हुनत प्रदेशकका केहि जिल्लाहरु विकसित हुन नराम्रो पक्ष त होइन, यसमा विरोध त होइन, तर सवाल यति मात्र हो कि अन्य जिल्ला विकासको गतिमा दौडिदा अन्य ६ जिल्ला पनि रेसमा भाग लिन सकुन, भन्ने हाम्रो मनसाय हो । र यो मन्त्रालयमा ११४ देखि २५५ सम्म यो मन्त्रालयको विकास कार्यक्रमहरु उल्लेख गरिएको छ । र यसमा सबैको ध्यान दृष्टि पुगेको छ किनकि यसमा धेरै

जनसरोकार का विषयहरु  यसमा रहेकाले यसमा सबै को ध्यान दृष्टि नै यसैमा रहेको छ र उक्त मन्त्रालयको अहिलेको यो योजना छनौट र योजना चित्त बुझ्दो पाइएको छैन । यसभित्र धेरै योजना यो बर्ष मन्त्रीज्यूले मलाई आज पनि एकदमै स्मरण छ एकदमै स्वछन्दरुपमा स्मरण छ । कि मन्त्रीज्यूले यो वर्ष खानेपानी वर्ष हो भनेर हामीलाई भन्नु भएको थियो र खानेपानी वर्ष भएकै नाताले खानेपानीमा धेरै योजनाहरु ल्याउन भन्नु भएको थियो । त्यसकारण पनि मैले खानेपानीको लागि केहि योजनाहरु समावेश गरेको थिए । त्यसमा नयाँ योजना जिरो छ । त्यसकारण पनि मन्त्रीज्यूलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु । र आगामी दिनमा पनि यो कार्यक्रमको निरन्तरताको लागि उहाँले सोच्नु हुनेछ । अनि नीति तथा कार्यक्रममा बजेट वक्तव्यमा अति विकसित क्षेत्र ढोरपाटन वाग्लुङको ढोर पाटन, गोरखाको चुलुदी, नवलपूरको हुप्सीकोटलाई विशेष क्षेत्र घोषणा गरीने भनिएको छ तर उक्त क्षेत्रमा बजेट कति लगानी गरियो भन्ने विषय प्रधान पक्ष हो । यहाँ कार्यक्रमहरु अत्यन्त कम रहेका छन । चुरुमरी गोरखाको चुरुमरीमा सायद बजेट बढी नै छ होला, तर ढोरपाटन धेरै कुरामा छुटेको छ । तेश्रो कुरा उर्जा विकासका सबै बजेट अवुण्डा रहेको छ । त्यसले त तत क्षेत्रलाई समावेश गराएर आएन यसले उज्यालो प्रदेशको प्रदेश सरकारको लोकप्रिय नारालाई समेत चुनौती दिएको आवास भएको छ । काठेपुल कति छन, त्यसको विस्तापन गर्ने विषय पनि छुटेको हो कि विचारणीय रहोस् । चौथो विषय यसपालि पालिका देखि अर्को पालिक, पालिका देखि वर्डा जोड्ने बाटोलाई विशेष ग्राहयता दिएको लुकेको विषय भएन तर कतैको टोल टोलमा बाटो पुग्ने भने कतै पालिका देखि पालिका जोड्ने र वाड देखि पालिका जोड्ने बाटो सम्म परेनन् । हरेक योजनाहरु कतै न कतै डुव्लीकेशन भएका छन । स्याटलाइट सीटी पर्वत र स्याङजाको एउटै शीर्षकमा ७५ लाखको बजेट छुट्याइएको छ । यसको मतलव के हो ? मन्त्रीज्यूले हामीलाई जानकारी दिनुहोला भन्ने मैले यहाँ अनुरोध गर्न चाहान्छु र सडक पोहोरको योजना पनि यसपालि नदोहोरिएको भए सायद मेरो गाउँपालिका काठेखोला गाउँपालिका लगभग रित्तै हुने थियो । यसको लागि पनि मन्त्रीज्यूलाई धन्यवादै दिनुपर्छ भन्ने मैले ठानेको छु । सायद यसै गरी निक्सीखोला पनि

सौतेलो बन्न पुगेको छ । यसलाई समेटेर लैजानुपर्छ सडक संजाल यस्तै अध्ययन गर्दा अन्य कति स्थानहरु छुटेका छन, मेरो बर्याङ गाउँपालिकामा प्रदेश गोरवको एउटै आयोजनाहरु छैनन, केन्द्रबाट पनि उपेक्षित भएको छ तर प्रदेशबाट पनि त्यहि नियती दोहोरिदा दुख लागेको छ । यति भन्दै मेरा भनाइहरु अन्त्य गर्न अनुमति चाहान्छु । धन्यवाद ।

माननीय सभामुखज्यू,

माननीय सदस्य श्री इन्द्रधारा विष्टलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्य श्री इन्द्रधारा विष्टज्यू,

सभामुखज्यू, आज हामी भौतिक पूर्वाधार तथा विकास मन्त्रालयको बजेट विनियोजित विषयमा छलफल गर्देछौ । सभामुखज्यू, हाम्रो आवश्यकता भनेको दीर्घकालिन विकास को रणनीति तय गर्न र देशमा समृद्धि तय गर्न दिनकाया भौतिक संरचनाको निर्माण गर्न अनिवार्य छ । त्यसैकारणले होला यो प्रदेश सरकारले यस मन्त्रालय मार्फत पूजीगत बजेटको शीर्षकबाट ठुलो बजेट भौतिक पूर्वाधार तथा विकास मन्त्रालयलाई राखेको हामी माझ सर्वविदीतै छ । त्यसकारण पनि मन्त्रीज्यू, सचिवज्यू लाई धन्यवाद दिदै मेरो अनि मेरो दलको साथ समर्थन रहेको सभामुख मार्फत जानकारी गराउदछु । सभामुखज्यू, अच्चमै लामो संघर्षपछि प्राष्त भएको नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र प्रतिको बझाई फरक मत राख्नेहरुको हावी देख्दा र एकरुपता नदेख्दा संघीय लोकतन्त्र गणतन्त्र विचार र व्यवहार संस्कृतिको समुचित निर्माण हुन सकेको छैन । सुखी नेपाली समृद्ध नेपाल को आधार तय गर्दा सबैले लोकतन्त्र गणतन्त्र लाई आफ्नो जीवन पद्धती बनाउने परिपाटीको स्थापना गर्न अनिवार्य देखिन्छ । अहिलेको संघ र प्रदेश सरकार संघीय लोकतन्त्र गणतन्त्रको शुद्दीकरणमा लागेको छ, लागि परेको छ, लागिरहने छ भन्ने म विश्वस्त छु । तर त्यसलाई कमजोर बनाउन नाजायज आलोचना विरोधको साहारा लिने, आफुलाई सत्तामा हुदा लोकतन्त्र मौलाएको देख्ने, र सत्ता बाहिर हुदा सबैतिर अधिनायकवाद, स्वच्छ

चरित्र देख्ने चलन हराएको छैन । यो अन्त हुन जरुर छ । सभामुखज्यू म अनुरोध गर्दछु कि हामी सबै साथमा साथ हातमा हात मिलाएर सुखी नेपाली र समृद्ध नेपालको मुल नारालाई सफल पार्न मुख्य आधार भनेको देशको दिगो भौतिक संरचना विकास मुल आधार हुने भएकोले त्यसलाई जसरी सरकारले मुख्य प्राथमिकताकासाथ अगाडि बढाएको छ, त्यसलाई कार्यानवयन पक्षमा हामी सबैको साथ सहयोगको ठुलो भुमिका रहने भएकोले सबैमा यहि रोष्टमबाट हार्दिक हार्दिक अनुरोध गर्दछु । सभामुखज्यू, सानो सुझाव सडक, विधुत, संचार, विधालय, अस्पताल, भवन, खानेपानी र नदी तटवन्द लगाएत हजारौ भौतिक संरचनाको निर्माण गर्दा दीर्घकालसम्मको योजना बनाएर मात्र गरिनुपर्छ जस्तो लाग्छ । त्यसकारण यो निवेदन मेरो निवेदन के छ भने ११ जिल्लामा ११ विज्ञ टोली र सोहि जिल्लाका माननीयज्यूहरु लगाएत विस्तृत डाटा जस्तै १ आधारभूत आवश्यकता के ? २ कसरी पूरा गर्न सकिन्छ ? ३ के गर्दा सयौ सयौ वर्ष सम्म राम्रो हुन्छ भन्ने विषयमा डाटा संकलन तथा अध्ययन अनुसन्धान तयार पारिएर यो भौतिक संरचनाले दिगो विकासमा टेवा पुग्ने विश्वास दिलाउदै अन्तमा दूर्गम जिल्लाहरुमा परिसकेको योजनाहरुको डिपीआर तयार पार्न प्राविधिक साउन महिना भित्रै पठाउन प्रयास मन्त्रालयबाट व्यवस्था मिलाओस् भन्ने निवेदन गर्दै यस मन्त्रालयको विनियोजित बजेट अति अनि अतिउत्तम सुपर अनि दुपर राम्रो छ, सत समर्थन छ भन्दै विदा हुन्छु । धन्यवाद ।

माननीय सभामुखज्यू,

माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्य श्री सरिता गुरुङ ज्यू,

माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७६।७७ को विनियोजित बजेट दफावार छलफल को क्रममा आज हामी भौतिक पूर्वाधार विकास संवन्धि बोल्न गइराखेका छौ । र यो हामी यो भौतिक पूर्वाधारको बजेटलाई अध्ययन गर्दा र बजेटहरु र यो योजनाहरु को बारेमा अध्ययन गर्दाखेरी यहाँ सरसर्ती हेर्दा यहाँ यसलाई राम्रै देखिनछ । किनभने विभिन्न क्षेत्र भेगहरु

समेटिएको छ मलाई लाग्छ, यसको कार्यानवयन पक्ष पनि राम्रो हुन्छ भन्ने कुरा तर यति हुदा हुदा पनि यहाँ सबैको सबै ठाउँमा आवश्यकता र योजनाहरु सबैलाई समेट्न सकेको जस्तो मलाई लागेको छैन । किनभने न्यायोचित लगानी वितरण नहुने वित्तिकै यसमा पारर्दिर्शता, दिगोपन र भ्रष्टाचार मुक्त गर्नको लागि हामीलाई अलिकति कठिनाई पर्नी म आफूले महसुस गरेको छु । र योजनाहरुलाई एउटा दिगो विकास र निरन्तरता दिनको लागि यसमा अझै केहि कार्यविधिहरुमा सुधार गर्नुपर्ने हुन्छ । यो समावेशी र समानुपातिक हुन पर्यो । र त्यसमा एउटा मैत्री र सबैलाई पुग्ने खालको अति आवश्यकताको पहिचान हुन पर्छ र यसमा विभिन्न कुराहरु छन, कतिपय योजनाहरु असाध्यै आवश्यकता हो र हाम्रो प्रदेशको उद्देश्य नीति तथा कार्यक्रमहरुमा पनि हामीहरुले एक घर एक धारा साथै दुई वर्षमा हामी सबैलाई स्वच्छ खानेपानी पुर्याउने भन्ने छ । तर हाम्रले त्यहाँ खानेपानीको योजना हरु पेश गरेका थियौ र मलाई पनि के भन्नु भथ्यो भनि एउटा वृहत खानेपानी पेश गर्नुस्, त्यो चाहि पर्छ भन्ने थियो मैले तयो गरेकोमा वृहत खानेपानी छुटेको छ, र सानौ चाहि परेको छ । भनेपछि त्यसलाई कुन चाहि आवश्यकता हो, सानो पनि आवश्यकता नै हो, तर ठुलो झन धेरै जनता त्यसमा लावान्नित हुने थियो । त्यो पर्न सकेको छैन त्यो योजनाहरु लाई गर्दाखेरी हाम्ले एउटा न्यायोचित बाडफाँड गर्नपर्छ । किनभने त्यहाँ सबै जाति, काँग्रेसले लगेको योजना काग्रेस मात्र बाटोमा हिड्नी काँग्रेस ले मात्रै खानेपानी त पक्कै होइन । यो सवैलाई पुल पनि पक्कै होइन, यो सबै गर्नको लागि यी कहाँनेर आवश्यकता छ, हाम्ले आवश्यकतालाई पहिचान गरेर योजना राख्न पर्छ भन्ने मलाई लाग्छ । अरु त अब यो कार्यान्वयन पक्ष राम्रो हुन पर्छ । र यलाई दिगो र निरन्तरता दिनपर्छ भन्ने मेरो मान्यता हो । यति भन्दै आगामी दिनहरुमा यो पूर्वाधार विकासलाई राम्रोसित दिगो र दिगोपन ल्याउनका लागि एउटा निरन्तरता गर्नको लागि सबै एक भएर लाग्नुपर्छ भन्दै मेरो भनाई यति धन्यवाद । जयनेपाल ।

माननीय सभामुखज्यू,

माननीय सदस्य श्री विन्दु कुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्य श्री विन्दु कुमार थापाज्यू,

अ सभामुख महोदय, सत्तापक्षका माननीय सांसदज्यूहरुले धेरै यो बजेटको विषयमा धेरै प्रशंशा धेरै राम्रो बजेट भनेर ल्याइराख्नु भाको छ अब मैले कहाँबाट शुरु गरौ, र म सभामुखज्यूलाई मेरो अलिकति कुराहरु पिडाहरु अति बढी भएको हिसावले पनि २ मिनेट जति समय म थपको लागि आग्रह गर्न चाहान्छु । यो अब सभामुख महोदय, यो खुकुरीको चोट अचानोलाई मात्र थाहा हुन्छ भने जस्तै हो । सभामुख महोदय आज हामी २०७६ आषाढ १ गते माननीय अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको बजेट वक्तव्यलाई आधार मानेर आएको रेड बुक रातो किताबमा परेका योजनाहरु मध्येमा भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत विनियोजन गरेका शीर्षकका विषयमा छलफल मा जुटेका छौ । आन्तरीक मामिला मन्त्रीज्यूले अघि भनेर पनि गइसक्नु भएको छ एउटा जिम्मेवार प्रदेश सरकारले ल्याएको रातो किताबमा परेका योजनाहरु हेर्दा र हामी मन्त्रालयमा जाँदाखेरी मन्त्रीज्यूले भनेका कुराहरु स्मरण गर्दाखेरी प्रतिपक्षका सांसदहरुलाई गुमराहामा पारेको सुनियोजित रुपमा छलकपटमा पारेको महसुुस हुन्छ । मन्त्रीज्यूले शुरु शुरुको समयमा १ करोड भन्दा मुनिका योजनाहरु यो पूर्वाधार मन्त्रालय अन्तर्गत पर्ने छैन भन्नू भाको थियो र पछि हामी जादै गर्दाखेरी भेट्दैै गर्दाखेरी ५० लाख भन्दा मुनिका योजनाहरु यसपालि आउदैन, मठमन्दिर, गुम्वाहरु सामाजिक विकास मन्त्रालयबाट आउछ र सडक पुलहरुका योजना नल्याउनु होला यसपालि पूराना सडक र पुलहरुलाई मात्रै हामीले निरन्तरता दिनेछौ । नयाँलाई यो सडक र सडक पुलहरु पर्ने छैन भनेर उहाँले भौतिक पूर्वाधार मन्त्रीज्यूले हाम्लाई बारम्वार भनिराख्नु भाको थियो । तर किताबमा १५ लाख २० लाख २५ लाख सम्मका योजनाहरु मन्दिर सामाजिक भवन पनि प्रशस्त परेका छन । त्यसै गरेर सडक सडक पुलहरु का पनि नयाँ योजनाहरु यस मन्त्रालयबाट प्रशस्त आएको देखियो । भनाई र गराईमा अहिलेको प्रदेश सरकारमा ठुलो अन्तर बल मिच्याईको प्रवृति देखिएको छ । हामी

सरकारमा छौ जे गरे पनि हुन्छ तिमीहरु विरोध गर्दै गर, भन्ने खराव मनोवृत्तिकासाथ सत्तापक्ष सांसद र प्रतिपक्षका सांसदहरुलाई दिइएको योजनामा ठुलो अन्तर र अन्यायपूर्ण तरीकाले योजनाहरु आएका छन । यतिसम्म कि मेरो आफ्नो कुरा गर्नु पर्दाखेरी मन्त्रीज्यूले भने अनुसार नै मैले आफ्नै लेटरपेडमा योजनाहरु दिएको थिए । २६ वटा योजनाहरु मैले दिएको थिए, पूर्वाधार मन्त्रालयमा मात्रै । तर अफसोचका साथ भन्नुपर्छ एउटा पनि योजना मेरा परेका छैनन् । नयाँ योजनाहरु एउटा पनि परेको छैन । कुनैपनि मन्त्रालयमा एउटा पनि मैले दिएका नयाँ योजनाहरु समेटिएका छैनन् । निल छ । सभामुख महोदय, अब म आफ्नो निर्वाचन क्षेत्रको पिडाको विषयमा केहि कुराहरु राख्न चाहान्छु । गण्डकी प्रदेशको राजधानी पोखरा कास्कीको निर्वाचन क्षेत्र नं. २ अन्तर्गतको पोखरा महानगरपालिकाका ६ वटा हरु पर्दछन । जस्मा १६,२०,११ वडाको काहुडाँडा को भाग अलि अविकसित विकासको उज्यालो नपुगेको क्षेत्रमा पर्दछ । म आफू त्यस क्षेत्रको नेपाली काँग्रेसको तर्फबाट प्रत्यक्ष निर्वाचित सभासद रहेको कुरा अवगत नै छ । सत्तापक्ष सरकारको सभासद नभएकै कारण यस पालिको योजनाहरु हामीलाई नपरेको भन्ने हाम्रो ठम्याई छ । यसपालि मैले मेरो ६ वटै वडामा गएर वडा अध्यक्ष सदस्यहरुको रोहवरमा सर्वदलिय बैठक गरेर त्यहाँको आवश्यकता र संभावना मध्येका २६ वटा योजनाहरु यस मन्त्रालयमा पेश गरेको थिए । ती मध्ये कुनै पनि एउटा मात्र पनि योजना परेका छैनन् । मैले यो कुरा बडो दुखका साथ भन्नु पर्ने हुन्छ । यो रातो किताव म र मेरो पार्टी कास्की निर्वाचन क्षेत्रका २ का २ का तमाम जनताका तर्फबाट खेद प्रकट गर्दछु, घोर विरोध गर्दछु । माननीय सभामुख महोदय, माननीय भौतिक पूर्वाधार विकास मन्त्रीज्यूले मेरो पटक पटकको भेटमा दुई चार वटा योजनाहरु अवश्य पर्छन नआत्तिनुस्, ढुक्क हुनुहोस् भन्नु भएको थियो । तर बजेट वक्तव्यको ५,६ दिन अगावै मन्त्रीज्यूले माननीय विन्दू थापाको योजनाहरु फायल मगाएर सवै योजना एक एक गरी काट्नु भयो, किन रहेछ भन्ने खवर पाए । पछि मन्त्रीज्यूलाई भेटेर सोधे त्यसो हो र ? भनेर त्यो सरासर गलत हो हुनै सक्दैन भन्नु भयो मैले उहाँको कुरामा विश्वास गरिन । किनकि त्यो सूचना पक्का थियो भन्ने मलाई जानकारी थियो । त्यसैले म माननीय

मुख्यमन्त्रीज्यूलाई पनि अवगत गराए यो कुराको । र यो योजनाको एक कपी उहाँलाई पनि दिए । उहाँले हुन्छ म हेर्छु कुरा गर्छु मन्त्रीज्यूलाई भन्नु भयो । र फेरि म आन्तरीक मामिला मन्त्रीज्यूलाई पनि एक कपी दिए यो योजनाहरुको विषयमा र आश्वासन पाएर म फर्किए । संवोधन हुन्छ भन्नु भएको थियो । २०७६ साल अषाढ ५ गते रातो किताव प्राष्त भयो, र घरमा गएर सबै योजनाहरु पढे अध्ययन गरे फेरि दोहोराएर पढे, एउटा पनि मैले दिएका योजना परेका थिएनन् । र छैनन् पनि । यति गर्दा ५ गते रातको साडे ३ बजिसकेको थियो त्यसपछि निर्दा लाग्ने कुरै भएन । अनि मेरा छिमेकी निर्वाचन क्षेत्र कास्की २ को एक तर्फ हेर्न लागे र टिपोट गरे । स्मरण रहोस्, त्यसबेला जम्मा ५ वटा त्यस क्षेत्रमा जम्मा ५ वटा वडा पोखरा महानगरपालिकाका १७, १५, ७, २१ र ३३ पर्दछ । जवकि मेरो निर्वाचन क्षेत्रमा ६ वटा वडाहरु पर्दछ । ती ५ वटा वडामा २५ वटा भौतिकका योजना, ३ वटा पर्यटनका योजना र अषाढ ९ गते राती प्राष्त सानो पुस्तिकामा थप ३ वटा सिचाईका गरी ३१ वटा योजनाहरु परेका रहेछन । सडक खानेपानी आयोजना सडक सडकपुल, सामाजिक भवन, झोलुङपुल, लिफ्टिङ सिचाइ आदिमा गरि एक अर्व ४९ लाख ६० हजार रुपैयाको योजना परेका रहेछन । त्यस्तै आज मात्रै विहान कास्की क्षेत्र नं. ३ को २ मा माननीय राजिव पहारी र माननीय मित्र कुमारी गुरुङ सुवेदीको पहलका योजना पनि फेसबुकमा हेरेको थिए । त्यसमा भौतिकका २५ योजना, सिचाइका ७, खानेपानीका ८, झोलुङेपुल ४ गरी ४४ वटा योजनाको कुल रकम ३४ करोड ५० लाख ४४ हजार रहेछ । यसमा झोलुङे पुलको लागत समावेश गरिएको छैन । उक्त दुवैकोमा अघिल्लो वर्ष का निरन्तरता पनि छन । स्मरण रहोस् उहाँहरुको अघिल्लो वर्ष पनि मनग्य योजनाहरु परेका थिए । म सभामुख मार्फत माननीय मुख्यमन्त्रीज्यूलाई प्रश्न गर्न चाहान्छु यो के न्याय भएको छ ? सरकार पक्षका पनि निर्वाचित सभासद नै हुनुहुन्छ र म पनि प्रत्यक्ष निर्वाचित सभासद । किन यति धेरै असमानता ? जिरो र आकाश जस्तो फरक छ । मेरो कमजोरी भनेको नेपाली काँग्रेसको सदस्य भए यति नै त हो । मेरो सँगैको माननीयज्यूको ३१ वटा योजनाको १ अर्व पाउदा मैले १५ वटा सम्म योजना र ५० करोड सम्मको हक लाग्छ कि लाग्दैन यो कहाँको न्याय हो ? सरकार भनेको सवैको होइन र ?

अभिभावक हो नि त कम्निष्ट कार्यकर्ताको मात्र त होइन होला नि ? सरकार पार्टी भन्दा माथि उठ्नु पर्ने होइन र ? उसले त सबैलाई समान दृष्टिले हेर्नुपर्छ जस्तो लाग्छ । यो टेक्नीकल मिस्टेक हुदै होइन । जान जान हो, यो नियतवश हो । सरकारको नियतमा खोट छ मैले मेरा दुवै जना अनन्य मित्र हुनुहुन्छ सरकार पक्षका हुनुहुन्छ उहाँहरुको रिस गरेको होइन । विरोध गरेको पटकै होइन तर कास्की २,२ लाई पनि त केहि त हेर्नू पर्यो । सभामुख महोदय, सरकार पार्टी भन्दा माथि उठ्नु पर्छ सरकार सबैको हो र नेपाल कम्निष्ट पाटीको मात्र कदापी होइन । हामीले के मन्त्रीज्यूको घरको पैसा मागेको हो र ? राज्यको ढुकुटी कोषमा सबैको योगदान छैन र ? हामीले मन्त्रीज्यूसँग भिख मागेका हौ ? आफ्नो घर बनाउन रकम मागेको त अवश्य होइन । किन यत्रो समान व्यवहार ? अनि यत्रो भेदभाव किन ? म यो कुरा सभामुख मार्फत माननीय मुख्यमन्त्री ज्यू, आर्थिक मामिला मन्त्रीज्यू र माननीय भौतिक पूर्वाधार मन्त्रीज्यूको ध्यानआर्किष्ट गर्न चाहान्छु । स्मरण रहोस् यस निर्वाचन क्षेत्रमा प्रतिनिधि सभाको सदस्यको लागि उपनिर्वाचन पनि हुदैछ । यसबाट पनि राजनितिक दाउपेच, नाङो स्वार्थ र राजनीतिक चलखेल भएको देखिन्छ । यसले पक्का पनि राम्रो सन्देश गएको छैन । यो संर्किणताबाट सरकार माथि उठ्नुपर्छ । सभामुख महोदय, मह काट्नेले हात चाट्छ, डाडु पनियो आफ्नो हातमा भएपछि थोरै उचनिच हुन्छ नै हामीले बुझ्छौ पनि । हामीले माननीय मुख्यमन्त्रीज्यूको गृह जिल्ला लमजुङ, माननीय पूर्वाधार विकास मन्त्रीज्यूको गोरखा, अनि आर्थिक मामिला मन्त्रीज्यूको तनहुँमा धेरै भन्दा धेरै योजनाहरु परेछन । नपनृपर्ने भनेका छैनौ नि । स्वभाविक पनि हो समान सभासद सभासद बीच यति ठुलो अन्तर किन ? कसैको नयाँ योजना धेरै छ कसैको सम्हालिनसक्नु छ यसमा न्याय भएको छैन, प्रदेश सरकारले यस पालिको बजेटमा तानाशाही प्रवृति देखाएको छ । दुईतिहाइ को दम्व देखाएको छ । रातो कितावमा पटक्कै नयाँ योजना नपरेका निरन्तरता बाहेक ठुलो मर्कामा परेका तमाम् प्रतिपक्ष माननीयज्यूहरुको समेत भावनालाई कदर हुने गरी योजनाहरुको संवोधन होस्, रातो किताव सच्चीएर आओस् यो हाम्रो जोडदार माग छ । कि कसैलाई पनि नयाँ योजना दिनुहुदैन, होइन भने यति धेरै काखा र पाखा गर्न पाइदैन ।

सभामुख महोदय, अब म बजेट वक्तव्यमा आएर रातो कितावमा नअटाएका र अस्ति माननीय मुख्यमन्त्रीज्यूले सदनमा ७६ असार ९ गते सम्वोधनमा पनि नखेलेका केहि कुराहरु राख्न चाहानछु । बजेट वक्तव्यको ४९ बूँदामा शहरी यातयात व्यवस्थित गर्न पोखरा महानगर सँग सहकार्य गरी अत्याधुनिक मेटेबस टर्मिनलको लागि आवश्यक बजेट छुट्याएको छु भनिकोमा त्यो परेको छैन । अथवा पृथ्वीचोक बसपार्कलाई सिटी बसपार्कको अथवा मेटे बस टर्मिनल अत्याधुनिक सुविधा संपन्न बनाउन र त्यहाँका अव्यवस्थित बसोवासीलाई उचित व्यवस्था गर्न समेत यथेष्ट बजेट आओस् र सच्चीएर आओस् भन्न चाहान्छु । धन्यवाद । जयनेपाल ।

माननीय सभामुखज्यू,

माननीय सदस्य श्री डोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय श्री डोबाटे विश्वकर्माज्यू,

सभामुख महोदय, आज हामी ७६।७७ को हाम्रो बजेट वक्तव्यको संर्दभमा हामी छलफलमा जुटेका छौ । वास्तवमा आज हामी कुन बजेट पर्यो कुन बजेट परेन र हाम्लाई किन परेन भनेर यो रोदना गर्न त्यति सान्दभिक छैन जस्तो लाग्छ । किनभने माननीयज्यूहरुले भनिसक्नुभाछ जसले मह काट्छ त्यले हात चाट्छ भन्ने हाम्लाई यसैलाई काफी छ बुझ्नलाई । त्यसकारणले मह काठ्ले हात चाट्ने रैछ अरु हेरिरहने मात्र रैछ भन्ने कुरो हाम्ले बुझ्न पर्ने भन्ने मलाई लाग्दछ । हैन, सभामुख महोदय, यो बजेटको संर्दभमा म थोरै एउटा कथाबाट शूरू गर्न चाहान्छु । र यहाँ पटक पटक कुरा उठ्ने गरेको छ, प्रतिपक्षहरुले जहिले पनि विरोध मात्र गरे भन्ने खालको कुराहरु उठेको छ । त्यसमा हामीले सरकारलाई सधै निरन्तर सहयोग गरेयाछौ जस्तो लाग्छ । अहिलेको बजेटमा पनि प्रतिपक्षले दूर्घटनाबाट जोगाएको भन्ने कुरा हाम्ले नभुलौ भन्ने म आग्रह गर्न चाहान्छु । र म एउटा कथाबाट शूरु गर्न चाहान्छु । एकादेशमा एउटा राजा थिए रे, राजा चाहि शहर घुम्न जान मन लागेछ गरे, त्यसपछि शहर घुम्न जाने क्रममा आफ्ना सहयोगीहरुलाई सवारी गर्ने बेलामा कपडा लाउदै

हुनुहुन्थ्यो गरे राजाले अनि त्यसपछि कपडा लाउदै गर्दाखेरीमा कस्तो छ भन्दाखेरीमा ठीक छ महाराज सप्पै जनाले ठीक छ भन्नु भएछ रे । अनि हुदाहुदै कता तलतिरको कपडा लाउनै विर्सनुभएछ राजाले । अनि शहरमा घुम्दै जाँदा प्रशस्त मानिसहरुले हेर्दै गए राजालाई के भयो होला यस्तो ? राजा त यस्तो खालको अवस्थामा निस्किनु भाछ जाँदै जादै गर्दा एउटा वालखाले कुरा गरेछ कि हैन राजा त नाङ्गै हुनुहुदो रहेछ भने पछि बल्ल त्यो शहरमा गएपछि त्यो बालखाले भनेपछि राजालाई थाहा भएछ अरे । त्यस्तै जस्तो यो बजेटमा म के आग्रह गर्न चाहान्छु भने सत्तापक्षका माननीयज्यूहरुले हाम्ले केहि कुराहरु भन्यौ यहाँ । यी यी कुराहरु राम्रो छ तर यसलाई सुधार्नपर्छ, यसरी सुधारेर गयो भने कम से कम यो गण्डकी प्रदेशको समृद्धि विकास यो गण्डकी प्रदेशका जनताले आशा गरे अनुसारको विकास हुन्छ भनेर हामीले भनेका हौ । आज नराम्रो छ, खराव छ, बद्मासी छ भनेको होइन । केहि सुधा र भनेको मात्रै हाम्ले । तर हाम्रो यहाँ प्रदेशका माननीयहरुले के भन्नु भयो भने असाध्यै राम्रो छ, छहारीमा बसेर सुनिरम जस्तो छ, असाध्यै सुन्दर छ, यो नम्वरी सुन भन्दा नि राम्रो छ भन्नु भो । त्यहि राम्रो छ भन्दा भन्दै कता त्यही राजाको जस्तै कथा सरकार नाङै हुन त होइन भन्ने खालको अहिलेको बजेटले त्यतातिर परिलक्षीत गरेको थियो । तथापी आज हामीले सहमती, समझदारी गर्यौ र यो बजेट कार्यानवयन सफलतातिर जादैछ, यो बजेट पास हुदैछ । त्यसकारणले म आग्रह गर्न चाहान्छु, थुप्रै कुराहरु उठे, यो प्रतिपक्षले जहिले पनि असहयोग मात्रै गर्यो भन्ने कुरा यलाई नबुझ्दिन म आग्रह गर्न चाहान्छु । र अर्को कुरा यहाँ सरहको कुरा उठा र पनि यहाँ बजेटको कुरामा प्रतिपक्षलाई त्यहि अनुसारको कुराहरु राखियो । म आग्रह गर्न चाहान्छु । कुनै पनि तीनता सडकका कथा हालेर माननीयज्यूहरुले थुप्रौ कुरा उठाउनु भाको छ । तर एउटा कुरा मात्रै के आग्रह गर्न चाहान्छु भने माथि आकासतिर फर्केर थुक्यौ भने आफ्नो अनुहारमा पर्छ भन्ने कुरालाई हाम्ले ख्याल गरेनौ भने तेते अष्ठेरो पार्छ भन्ने कुरा पनि म आग्रह गर्न चाहान्छु । त्यसकारणले हामीले सप्पैदले यो प्रदेशको समृद्धि विकासको निम्ति यो बजेट कार्यानवयन गर्ने पक्षमा हामी सबै लाग्न सक्यौ भने निश्चय पनि हामी सबैको सफलता हो । आज प्रतिपक्ष सत्तापक्ष मात्र होइन यो

गण्डकी प्रदेशको विकास बजेट काम गर्न सकेनम् हाम्ले यलाई निरन्तरता दिन सकेनौ भने हामी प्रतिपक्षको दायित्व र जिम्मेवारी छ । त्यसकारण यो जिम्मेवारी पूरा गर्ने कुरामा हाम्रो कर्तव्य हो भन्ने हाम्ले ठानेका छौ । र अर्को कुरा म यो बजेटको संर्दभमा के कुरा राख्न चाहान्छु भने जसरी हामीले यो प्रदेश सभाले बजेटको प्रदेश सभाका सदस्यहरुले अव यो बजेट बाडफाड गर्नु हुदैन, हाम्ले कानुन नियम मात्रै गर्ने कुराहरु पटक पटक कुरा उठ्यो । त्यो जाहेज छ । यति हाम्ले विकास बजेट बाडफाड गर्न हुदैन भने अव हाम्ले एउटा उपाय सौचौ न त अब । अब के उपाय सोच्न पर्यो भने माननीयज्यूहरु पनि होइन, मन्त्रीज्यूहरु पनि होइन, सपैजनाले के गर्यौ भने स्थानिय तहलाई विकासे योजना छनौट गर्न दिऔ, भएजति बजेटहरु अर्थमन्त्रालयमा राखौ, योजना आयोगमा स्थानिय तहका बजेटहरुलाई त्यहाँ संकलन गरौ त्यसपछि स्थानिय तहहरुले प्राथमिकता दिएका योजनाहरुलाई हाम्ले विकासनिर्माण कार्यलाई अगाडि बढाऔ त्यो भयो भने कसैले किन बजेट पाइएन भन्ने खालको कुरा गर्न पनि गर्न परेन । त्यसो हुदाखेरी हाम्ले त्यो ढंगमा जान पर्यो । होइन भनी आफुले ५० वटा बजेट योजनाहरु पार्न हुने अरुलाई बाँड्नै हुन्न भन्ने कहाँसम्मको न्यायोचित यसले गर्दाखेरीमा पनि आगामी दिनमा हामले त्यस्तोखालको कुरालाई पनि ख्याल गरौ भन्ने आग्रह गर्न चाहान्छु । र अर्को कुरा यहाँ अब एउटा कुरा मलाई छुटेकै कुरा भन्न मन लायो । सुकुम्वासी सार्वजनिक र गुठीका जग्गाहरुका संर्दभमा हाम्ले यो चाहि हाम्रो योजना बजेट थियो, किनभने यलाई हाम्ले संविधानले पनि व्यवस्था गरेको र थूप्रै यो प्रदेशमा गुठीको समस्या पनि रहेको र सुकुम्वासी थुप्रै रहेको र सार्वजनिक थुप्रै रहेको यी जग्गाहरुलाई हाम्ले नीति र कार्यक्रममा बजेटमा समावेश गरेर कम से कम स्थानिय तहलाई तेस्को जिम्मेवारी हाम्ले त्यो उ गरिदिन सक्यौ भने प्रत्येक स्थानिय तहका सार्वजनिक जग्गाहरु उनिहरुले कम से कम ६ महिना भित्रमा डाटा तयार गर्न सक्छ । कति चाहि सुकुम्वासी छन भन्ने कुरा स्थानिय तहले त्यो संपूर्ण सुकुम्वासीहरुको डाटा तयार गर्न सक्छ । त्यसपछि तेलाई कसरी के गर्ने भन्ने प्रदेशले नीति बनाएर त्यो समस्याको समाधान गर्ने हाम्रो उपाय थियो । र त्यसमा हाम्रो कुनैपनि यो अहिलेको बजेट ले तेसलाई

संवोधन गर्न सकेको छैन । त्यसो हुदा पनि आगामी दिन त्यलाई पनि अगाडि बढाउन संवोधन गर्न म आग्रह गर्न चाहान्छु । अर्को कुरा निर्वाचन क्षेत्रको कुरा बजेटको कुराहरु आयो । निर्वाचन क्षेत्र बजेटको कुरामा जसरी हाम्ले भन्यम् सप्पेलाई सम्मान गर्न पर्छ भनेम् । महान हैसियत बनाउनपर्छ भनेम् । आज के रैछ भने मैले यसो सरसर्ती हेर्दाखेरीमा के रैछ भनि समानुपातिकबाट आउनी भनेको विशेष गरी महिला, विशेष गरी दलित, विशेष गरी जनजाती । धेरैजसो त्यसरी आउने भएपछि यो राज्यको मुल धारमा समानुपातिक सहभागिता बनाउन हुदैन त्यसकारणले यो बजेट बाडफाड गर्न उनिहरुलाई दिनु हुदैन भन्नी उद्देश्यका साथ यो बजेट यसरी आको भन्ने मलाई लाग्छ । आज यो देशमा परिवर्तनको निम्ति तमाम महिलाहरुले रगत बगाका छन । आज मंगलादेवीसिह, साहाना प्रधान, शैलजा आचार्य जस्ताले रगत बगाए । यहि सदनमा हेर्यो भने आज शहिदको कुरा गर्यो भनि आशा कोइराला, गायत्री गुरुङ, धनमाया लामा जस्ता यो मंचमा उभिएर बोल्दाखेरीमा उहाँहरुले आँसु बगाउनु भाको के शहिद कुरा के उहाँहरुले यसमा रगत बगाउनु भाको छैन, उहाँको चाहि यसमा भुमिका छैन, आज ११ सय भन्दा बढी दलितले यसमा रगत बगाएका छन । शाहदत प्राष्त गरेका छन । यो परिवारको निम्ति यो समुदायको सहभागिता छ कि छैन ? थुप्रौ जनजातीहरुले यसमा रगत बगाएका छन । अनि समानुपातिक सहभागिता हैसियत गराउने बेलामा विभेद गर्नी ? यो न्यायोचित हुन्छ कि हुदैन ? त्यसलाई आगामी दिनमा यलाई सुधार्नपर्छ भन्ने म आग्रह गर्न चाहान्छु । र अर्को बास्केट बजेट जुन छ, हाम्ले पटक पटक भने तथापी यहाँहरुले राख्नु भाको छ , त्यो न्यायोचित ढंगबाट वितरण हुने वातावरण पनि बनोस् भन्ने म आग्रह गर्न चाहान्छु । र अर्को कुरा यो बजेट जस्तै हाम्ले विनियोजन गरेका छौ, र अहिले पनि हामी माननीयहरु प्रत्येक बाटोको पुर्वाधारमा गएर कुनैपनि योजना परेको ठाउँमा गएर हामल्यै ठेकेदार खोज्नी, हाम्ल्यै उपभोक्ता समिति बनाउने, के यो भ्रष्टाचारको के कुरा यो हो कि होइन ? त्यसकारणले हाम्ले उपभोक्ता समितिहरु बनाउदाखेरी हाम्रा हरेक कुराहरु सर्वदलिय सहमतिबाटै यो राष्ट् चलेको छ भने, विकास बजेट सर्वदलिय सहमतिको आधारमा हाम्रले त्यो विकास निर्माणका कामहरु गर्न सक्छौ

कि सक्दैनौ ? त्यसकारणले यस्ताखालका कुरालाई निरुत्साहित गरेर सष्पैको सहभागितामा यी विकास बजेटहरु विकास निर्माणका काम गर्दाखेरीमा सर्वदलिय ढंगबाट सहमतिबाट यो उपभोक्ता समिति बनाएर काम गर्ने बातावरण र भ्रष्ट्चारलाई अन्त्य गर्ने कुरामा हामी अगाडि बढौ त्यहि भयो भने हाम्रो यो प्रदेशको उन्नती र प्रगति हुन्छ, यिनै कुराको निवेदन गर्दे विदा हुन्छु । धन्यवाद । जयनेपाल ।

माननीय सभामुखज्यू,

माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडीज्यू,

सभामुख महोदय, लौरी, कौरी, दौरीको साथमा आएको बजेट हिजो विकास जति काठमाडौमा केन्द्रित थियो । सिहदरवारले पिछडिएको र विकट भूगोललाई देखेर देखेन भनेर संघियता ल्यायौ । विराटनगर, जनकपूर, हेटौडा, पोखरा, बुटवल, नेपालगंज, महेनद्रनगर  जस्ता शहरले काठमाडौसँग अधिकार खोस्यो । आज पोखरा पनि काठमाडौको उहि सिहदरवार जस्तो एकलौटी र केन्द्रिकृत भइरहेको आवास मलाई भएको छ । सभामुख महोदय, सरकारले यस्तै गतिविधि र केन्द्रिकृत मानसिकता रहिरहने हो भने भोली प्रदेशभित्र पनि अर्को संघियता आवाज उठ्न सकछ कि ?  त्यो मलाई लाग्दछ सभामुख महोदय । देशमा संघीयता आउदा जनता खुसी थिए । हामी पनि खुसी थियौ । संघीयता पनि तल्लो तहमा विकास केन्द्रित हुने धेरैको अपेक्षा थियो तर सरकारले यो अपेक्षा पुरै धमिलो बनाइदियो । विकट पिछडिएको ठाउँ सधै विकट र विकसित भैरहेको थियो । यो संघीयताले कसलाई फाइदा पुग्यो ? सम्मानित सभामुख महोदय, प्रश्न गर्न चाहान्छु । सभामुख महोदय, प्रदेश सरकारले तेश्रो बजेट विनियोजन विधयक सभामा पेश गरिरहेको छ । आज भौतिक पूर्वाधार मन्त्रालय र बजेट माथि छलफल भैरहेको छ । सरसर्ति हेर्दा बजेट राम्रै छ । तर हामीले विकास मा सिफारिस गरेका भन्दा मन्त्रीज्यूको आफ्नो गोजीबाट झिकेर कार्यक्रम बनाउनु भएछ आफ्नो नजिकको ठाउँमा ठूलो बजेट र अरुको निर्वाचन क्षेत्रमा

सानो बजेट के यो समानुपातिक विकास हो ? के विकास बजेट लैजान मन्त्री नै बन्नुपर्छ र सभामुख महोदय ? सरकारले विभेद गरेका यथेष्ट प्रमाणहरु मसँग छन । सभामुख महोदय, उदाहरणको लागि मेरै निर्वाचन क्षेत्र सिराङ्चोक गाउँपालिकामा बजेटको विनियोजन हेर्ने हो भने सडक नगन्य रुपमा छन, सभामुख महोदय । ग्याजी रातो माटे खाचोक भन्ज्याङ गतवर्ष ५००००। हजार ५० लाख छुट्याएको बजेट अहिले तपक्क टिपेर जिरोमा पारिएको छ । यो बाटो पूरा भएको छैन, सभामुख महोदय । सरकारले नीति अपूरो योजना गर्ने तर्क हुनु पर्ने हो क्रमागत कार्यक्रम मध्ये अरु सबै ठाउँमा बजेट दिनूभएको छ । यहि एउटा सडक मात्रै झिक्नुपर्ने कारण के हो ? के त्यो ठाउँमा जनताको अव विकास पुगेको हो त ? कसैको निर्देशनमा विकास माथि राजनीति गर्नका लागि सरकार बनेको हो । हामीले यहि सिक्नुपर्छ सभामुख महोदय । सुलिकोटमा रहेको अधेरीखोला हुदै मालुङटार सिचाई योजना चपक्क चराले पात टिपे जसरी टिपेर हत्याउन पाइन्छ सभामुख महोदय । तर गोरखामा धेरै बजेट छ, कसको कहाँ परेको छ मलाई खुसी लागेको छ । धेरैले गोरखाको नारा लिनुभाको छ मलाई खुसी लागेको छ । कुन ठाउँमा गएको छ त्यो पनि हेरिदिनुहुन आग्रह गर्दछु । बापक सुलिकोट रहेको लुथुका आलेगाउँ दुसिका हुदै राङरुङ जोड्ने सडक प्रस्तावमा रहेको थियो त्यसमा जनताको बेहाल छ तर सरकारले जनताको चित्कार सुनेन सभामुख महोदय । त्यसैले यो सरकार जनताको सरकार होइन । कार्यकर्ताको पार्टी कार्यालय जस्तो भयो । नयाँ साघुसाधनी भन्ज्याङ गैरीगाउँ सडक देउराली अम्वेहुदै आहाल डाडास्टेखोला सडक मन्त्रीज्यूबाट संपूर्ण निर्देशन भयो हेर्नु भो तर त्यो कसरी टपक्क टिपियो सभामुख महोदय । त्यस्तै अहिले मलाई लाग्दछ, हामी सधै दौडिन्छौ । मुग्लिङबाट पोखरा आउने सडकमा पनि केहि वास्ता गरिएको छैन । त्यो के भाको हो सभामुख महोदय ? त्यस्तै दुधपोखरी मार्गमा झुक्काएर डेड करोड मात्र छुट्याइएको छ । त्यो बाटो दुधपोखरी मार्ग भनेको लमजुङ गोरखाको सायद नमुना नै बाटो हो । त्यसलाई पनि के भएको हो भन्ने मलाई लाग्दछ । त्यस्तै मलाई लागेको छ सभामुख महोदय, गएसाल १ करोड छुट्याएको बजेट अहिले सम्म खर्च भाको छैन । त्यहि ठाउँमा ६ करोड छुट्याइएको छ सभामुख महोदय । गएसाल करोड

खर्च नहुने अहिले ६ करोड छुट्याउने ? त्यो पनि न्यायोचित हुन्छ जस्तो लाग्दछ माननीय समक्ष म प्रस्तुत गर्न चाहान्छु । मन्त्री यहाँ सरकारबाट बाटोमा पुलनिर्माणमा पैसा छुट्याएका छन सभामुख महोदय, आमा समूह र क्लवभवनको नाममा पैसा छुट्याएको छ । त्यो पनि न्यायोचित हुन्छ ? त्यसलाई पनि अलिकति मुल्यांकन गर्नुपर्छ भन्ने मलाई लागेको छ सभामुख महोदय । यहाँ देखियो, सरकार पक्षका माननीयहरुको पनि कुरा सुनियो साह्रै खुशी लाग्यो मलाई । किनभने आज देखिएको छ, न्यायोचित पनि कति हुनुपर्छ ? त्यसको पनि मूल्यांकन हुनुपर्दछ मलाई लाग्दछ । होला सरकारले ल्याएको बजेटमा म धेरै खुशी छु । ल्याएको छ नराम्रालाई नराम्रो भन्नु पर्ने र राम्रोलाई राम्रो भन्नुपर्ने पनि हाम्रो दायित्व हो । तर यहाँ देखिन्छ, सत्तापक्षले प्रतिपक्षले भनेको कुरा सप्पे नेगेटिभ पनि नसिक्दिनुहुन सरकारलाई ध्यानआकर्षण गर्न चाहान्छु । आज पालुङटारलाई स्मार्टसीटी बनाउन भनेर धेरै खोकियो त्यहाँ लिची उत्पादनलाई एउटा साच्चीकै उधोगीको रुपमा अगाडि बढाऔ भन्ने कुरापनि सुनियो । तर त्यसको लागि किन औचित्य भएन, सभामुख महोदय । यसलाई पनि सदन समक्ष म सभामुख मार्फत सरकारलाई ध्यान आकर्षण गर्न चाहान्छु । त्यस्तै आज धेरै गोरखाको चर्चा हुदा खुशी लाग्छ मलाई । र यहाँ राजनीतिक एउटा दम्व देख्दा फेरि चिन्ता लाग्छ । आज कार्यकर्ताले फोन गरेको भरमा मन्त्रालय आएर मेरो राजनीति सिध्ीान्छ भनेको भरमा गएसाल भाको बजेट अरु सवै ठाउँमा हुने मन्त्रीज्यूसँग मेरो भेट भाको थियो, १ करोड भन्दा तल पैसा म कहिपनि राख्दिन भन्नु भाको थियो । मलाई खुशी लागेको थियो । हो ५० लाख राखेको ठाउँमा नेपालकै इतिहासको बाटो रातो पातिकाजी भन्ने एउटा तपाईले सुन्नु भाको छ । म अस्ति फुके त्यहाँ पूग्दा प्रकाश दवाडीको बाटो रे, काँग्रेसको बाटो रे । त्यो न्यायोचित हुन्छ सभामुख महोदय । त्यसैले म के आग्रह गर्न चाहान्छु भने पहिला कि कसैको पनि बाटोमा विनियोजन रकम हुनु हुदैन । यदि भयो भने त्यसमा हाम्लाई पनि चित्त बुझ्छ । तर त्यो बाटो मात्रै सुँगाले एउटा सिठीलाई टिपे जस्तै त्यसलाई मात्र टिप्नु कारण के हो त सभामुख महोदय ? त्यो म सरकारलाई ध्यान आकर्षण गर्न चाहान्छु । हामी आज साच्चै भन्नु पर्दा त्यो ठाउँको जनता

पिडीदायीक्षण छ । पीडा कहाँ छ १ २ फ्रीज भएको ठाउँमा करोड पैसा फी्रज भाको छ, त्यहाँ ६ करोड बनाइन्छ । फ्रीज नभको काम भको ठाम मा त्यहा पैसा थपिदैन तयो कि न्यायोचित हुन्छ सभामुख महोदय ? म सरकारलाई ध्यान आकर्षण गर्न चाहान्छु । त्यस्तै हामी प्रतिपक्ष हौ । त्यो स्वभाविक हो प्रतिपक्षमा बस्नुपर्छ, नभाको कुरो भएन भन्नुपर्छ । भाको कुरो भयो भन्छौ हामीले । हामी त सन्तोषी प्रतिपक्ष धैरैले भन्नु हुन्छ । हामी भको चिजलाईं भाकाछौ धन्यवाद छ भन्छौ । नभाको चिज किन भएन भन्छौ । त्यसलाई पनि अलिकति सभामुख मार्फत सरकारलाई ध्यान आकर्षण गर्न चाहान्छु । आज विरोध होइन, हामी प्रतिपक्षमा रहेका हामी विरोध मात्रै गदैनौ । अस्ति सुनिन्थ्यो, सरकारमा नबस्ने साथीहरुले सपोर्ट गरे सपोर्ट गछौ हामी हुनि कुरामा सपोर्ट गछौ । विरोध गर्दैनौ । तर सरकारले गरेको राम्रो कामको राम्रो साथ समर्थन छ प्रदेशमा समृद्ध बनाउने अभियानमा हामी पनि उत्तिकै लागिरहेका छौ । हामी समृद्ध बनाउनलाई हाम्रो गण्डकी प्रदेशलाई विफल बनाउन हामी प्रतिपक्षमा कहिल्यैपनि लाग्दैनौ । यो हाम्रो बाचा हो र कहिल्यैपनि हुनै सक्दैन । तर प्रदेशलाई समृद्ध अभियानमा हामी पनि उत्तिकै लागिरहेका छौ । तर हामी चाहान्छौ सरकार पुतली जस्तो उडोस्, भन्न चाहान्छौ तर अहिले पुतली होइन, लाभ्रा भएर लुकेर बसेको सरकार मलाई चिन्ता लागेको छ । यस प्रति शुभेच्छुकको नाताले के भन्न चाहान्छु भने आज सरकारलाई पक्षपातरहित यहाँ सुनियो मेरो त बाध्यता भएर दुई चार वटा योजना परेको छन । कहि साथीहरुको निलै बनाएर गर्नुपर्ने सरकारको एउटा अभिभावकत्व हो त ? भन्ने म सभामुख मार्फत सरकारलाई प्रश्न गर्न चाहान्छु । यसबाट आज पोके बजेटहरु धेरै छन । झोलुङेपुल भन्याछ, पैसा थुप्रीयाछ कता कता गाछ । सबै पोके बजेटका नामले त्यो पोके बजेट राख्दा यहाँ त अलिकति राम्रो भाषामा भन्ने चलन हुन्छ मैले अलिकति अहि टोकरी बजेट भनियो अरु साथीहरुको तर मैले पोके बजेट भने धेरैैको पिडा रैछ । तर त्यस्मा चाहि साच्चै भन्दा यथार्थमा कुन ठाउँमा जरुर छ, कुन ठाउँमा १२३ नं. राखेर सरकारले त्यो कार्यकर्ताबाट आको कुरामा १२३ होइन, यथार्थमा आफै बुझ्न सकिन्छ । सानो प्रदेश छ हाम्रो ११ वटा जिल्ला छ । मन्त्री ११ ठाउँमा पूग्न सक्नुहुन्छ । यदि

साच्चै इमान्दारीता हो भने आफैले अरुले भनेको इच्छा लागेन जस्तो मैले भने काँग्रेसको मान्छेले भन्यो अर्को साथीले अर्को पार्टीको मान्छेले भन्यो भने इमान्दारीता छ भने त्यो ठाउँमा गएर यो के हो त आफै बुझ्न सकिन्छ । त्यसो भए कसैले आवाज उठाउन सक्दैन । मेरै प्रदेशमा म निर्वाचित भएको प्रदेशमा आवाज उठाउन म साथीहरुलाई भन्छु । त्यसैले बारपाक जस्तो पर्यटकीय क्षेत्रमा एक रुपैया पनि पैसा छुट्याएको छैन । कस्तो दूर्भाग्य छ सभामुख महोदय । त्यो ठाउँ कस्तो भने बारपाकको एउटा नमूना हजुरले सुन्नु भाको छ सभामुख महोदय, त्यो ठाउँमा १ रुपैया पनि नछुट्याएको त्यो पनि मेरो सौभाग्य भाको छ । के सौभाग्य भाछ भने आज सरकारमा बसी गण्डकी प्रदेशलाई नमुना बनाउने पर्यटकीय क्षेत्रको घोषणा गर्ने पर्यटकीयबाट हामी आय आर्जन गर्ने भन्ने तर बारपाक जस्तो ठाउँमा एक पैसा नछुट्याउने । कस्तो र्दुभाग्य कस्तो सौभाग्य आफै मूल्यांकन गर्नु सभामुख महोदय, सरकारलाई ध्यान आकर्षण गराउन चाहान्छु । र अन्तमा आज मलाई यहाँ बसेर बोल्दै गर्दा हामी जसरी सरकारको पीडा सरकारलाई भएको दुख यो भयो यसलाई सुखतिर मोड्नुुस् त्यो सुखमा मोडेको योजनालाई सरकारले सकारात्मक हेर्दिनुस् त्यो सकारात्मक हेरौ भने हामी प्रतिपक्ष पनि तपाईकै साथमा रहनेछौ सधै तपाईहरुलाई घच्घचाउने मात्रै नभएर सगै सहकार्यमा रहने बाचा गर्दै मेरो भनाई यहि अन्त गर्छु । धन्यवाद । जयनेपाल ।

माननीय सभामुखज्यू,

माननीय सदस्य श्री दिलमाया रोकामगर गौतमलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्य श्री दिलमाया रोकामगर गौतमज्यू,

माननीय सभामुख महोदय, विनियोजन विधयक माथि रहेर आज भौतिक पूर्वाधार तथा विकास मन्त्रालयसँग संवन्धित विभिन्न विषयमा छलफल गर्दैछौ । सर्वप्रथम त जुन मिहेनतकासाथ यस मन्त्रालयबाट योजनाको छनौट र बजेटको विनियोजन भएको छ यसका लागि प्रदेश सरकार भौतिक मन्त्रालय र माननीय मन्त्रीज्यू, सचिवज्यू लगाएत संपूण मन्त्रालय पर्याप्रति हार्दिक आभार व्यक्त गर्दै पूर्ण सफलताको कामना व्यक्त गर्दछु र

यसमा मेरो र दलको तर्फबाट पूर्ण समर्थन रहेको जानकारी गराउदछु । मलाई लाग्छ, सीमित श्रोत र साधनको बीचबाट बढ्दो जनआकांक्षा पूरा गर्ने गरी बजेट विनियोजन गर्नु र सरकारको नीतिगत प्रतिवद्धता अनुरुप बजेट कार्यान्वयन गर्दै समृद्ध प्रदेश र सुखी नागरिकसहितको समुन्नत प्रदेश निर्माण गर्नु बजेटको महत्वपूर्ण आयाम हो जस्तो लाग्दछ । अहिले प्रदेश सरकारले जुन बजेट विनियोजन गरेको छ । यसको ट्रेनलाई हेर्दा जनताले प्रत्यक्ष अनुभूति गर्ने खालको छ । हिजो दिनमा हामीले भन्यौ, हरेक ठाउँमा विकास गर्नको लागि पूर्वाधारको विकास महत्वपूर्ण छ । त्यसकै आधारमा भौिितक पूर्वाधार तथा विकास मन्त्रालयले मन्त्रालयको तर्फबाट जुन योजनाको छनौट र बजेटको विन्यास भएको छ, अबका दिनमा यसलाई व्यवस्थित ढंगले गण्डकीको प्रदेशको विकासमा नयाँ आयाम थपिनेछ । यसमा हामी सबै कार्यान्वयनमा कार्यान्वयन पक्षमा प्रतिबद्ध रहनुपर्छ जस्तो मलाई लाग्छ । सभामुख महोदय, यसरी भौतिक पूर्वाधार मन्त्रालयको विभिन्न शीर्षकहरुलाई सरसर्ती हेर्दा सबै आवश्यकता र महत्वको विषयमा महत्वका विषय रहेका छन । यसैपनि गण्डकी प्रदेश भौगोलिक रुपमा तीन तहमा विभाजित छ । र त्यसलाई मधयनजर गर्दै प्रदेश सरकारले योजनाको छनौट र बजेटको विन्यास पनि सबै क्षेत्रलाई समेटेर गरेको छ । यसरी हेर्दा सरकारले हिजो भएका क्रमागत योजनाहरुलाई आवश्यकताको आधारमा निरन्तरता दिएको छ । ठुला सडक, रणनीतिक महत्वका सडक र अन्य महत्वका महत्वपूर्ण सडकहरुमा बजेटको विनियोजन गरेको छ । यसैगरी खानेपानी र सिचाई योजनाहरुलाई पनि महत्वकासाथ लिएको छ । र हिजो भइरहेका खानेपानी र सिचाई हरुलाई निरन्तरता दिएको छ । यसले के देखाउछ भने सरकार जनताको घरदैलोमा सेवासुविधा दिने र छिटो प्रभावकारी प्रत्याभूति हुने गरी यसको व्यवस्थापन गरेको छ । यसले जनताको सार्वभौम आवश्यकता र महत्वको विषयमा संवोधन भएको छ । जसबाट जनता प्रत्यक्ष लाभान्वित हुने र सरकार प्रति विश्वास बढ्नेछ । सिचाईतर्फ हेर्दा विशेषतः गण्डकी प्रदेशको उत्पादनको हिसावले उर्वररुपमा रहेको नवलपूर जिल्लामा सरकारको विनियोजित बजेट मध्ये करिव ५० प्रतिशत हाराहारीमा नवलपूरमा रहेको छ । यस बाट के

अनुभूति भएको छ भने सरकारको दृष्टिकोण स्पष्ट छ कि अब नवलपुरले उत्पादनमा बृद्धि गरी हाम्रो गण्डकी प्रदेशलाई आत्मनिर्भर बनाउने गरी सरकारले बजेट विनियोजन गरेको छ । त्यसैगरी उज्यालो प्रदेशको लागि क्षेत्रीय प्राधिकरण कार्यालय बुटवल र पोखरासँग संझौता गरी बजेटको व्यवस्था गरेको छ । त्यसैगरी प्रदेशको विकासका लागि आबश्यकता र महत्वका थुप्रै शीर्षक अन्तर्गत बजेटको व्यवस्था गरेको छ । सभामुख महोदय, यति हुदाहुदै पनि यस माथि थुप्रै टिकाटिष्पणी पनि उठ्ने गरेका छन । विशेषगरी प्रतिपक्षका माननीयहरुले बजेट विनियोजनमा कनिका छराई भयो भन्दै आउनु भएको छ । त्यतिमात्र होइन, त्यसैसँग संवन्धित रहि विषयसँग संवन्धित भइ हाम्रो योजना परेन भनि सदन अवरुद्ध पनि गर्नु भएको छ । उहाँहरुको शव्दमा भन्नुपर्दा सरकारले कनिका छराइ गर्दा पनि माननीयज्यूहरुको योजना समेट्न गाह्रो छ भने अब के गर्ने ? एकातिर योजना कनिका छराइको कुरा गर्ने र अर्कोतिर योजना समावेश भएन भन्नु कत्तिको मिल्दो विषय हो यसैले हामीले यो सदनलाई असंतुष्टि पोख्ने थलो बनाउनु भन्दा पनि नीति नियम निर्माण गरेर कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउनु उत्तम हुनेछ । यति भनिरहदा अहिलेको बजेट विनियोजनमा म पूर्ण संतुष्टी छु त्यो पनि होइन । भौगोतिक विकटता र दुरीको हिसावले हेर्दा गण्डकी प्रदेशभित्रको कर्णाली प्रदेशबाट म प्रतिनिधित्व गर्दछु भन्दा फरक नपर्ला । तर असंतुष्टी मात्र व्यक्त गरेर हाम्रा समस्या समाधान हुदैनन् । समय बलवान र परिवर्तनशील छ, समयको गति र परिवर्तन सँगै हाम्रा बाँकी आवश्यकताका विषय समाधान हुदै जानेछन भन्ने कुरामा म विश्वस्त छु । विनियोजन विधयक हेर्दा सबै जिल्लाको नाम बाक्लो गरी छापिएको छ । तर यहाँ मह काट्ने हात चाट्ने विषय उठेको छ । मलाई लाग्छ मह काट्नेले हात चाट्ने हो तर मह सबैलाई बाँढने हो भन्ने लाग्छ । कुन व्यक्तिको कति पर्यो, मेरो र तेरो कति पर्यो भन्दा पनि सम्रग भूगोल छुट्यो कि छुटेन भन्ने तर्फ पनि ध्यान दिनपर्दछ जस्तो लाग्छ र कता पूग्यो भात आफ्नै भागमा भन्ने उखानलाई हामीले आत्मैदेखि मनन गर्नुपर्दछ भन्ने मलाई लाग्छ । र यसरी हेर्दा मलाई के लाग्छ भने सरकारको आफ्नै वाध्यता होला तर जनताको आधारभूत आवश्यकता र महत्वको विषयमा सरकारको ध्यान पुगेको छ

। अझैपनि त्यो भन्दा महत्वपूर्ण ठाउँ र बस्तीहरु मा जनताको अभाव र आवश्यकतामा सरकारको तत्परता रहने नै छ । तसर्थ जे जति योजनाहरु आएका छन, यसलाई कार्यान्वयन गर्दे गर्दा नै प्रदेश सरकार र प्रदेशको जनताको लाभ विकास र परिवर्तन संभव छ र हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु । र यति भन्दै अन्तमा केहि योजनाहरुमा नाम नमिलेको र केहि योजनाहरु दोहोरिएका छन, यो सच्चीने छ र कार्यान्वयन सहज हुनेछ भन्ने मैले अपेक्षा लिएको छु । र केहि महत्वपूर्ण स्थान र योजनाहरु आगामी दिनहरुमा समेटिने छन, र ती ठाउँ र बस्तीहरुको योजनाहरु समावेश भएर समग्र प्रदेशको विकास र समृद्धिमा महत्वपूर्ण टेवा पुग्ने छ भन्ने विश्वास राख्दै मैले आफ्नो भनाई यहि अन्त्य गर्न चाहान्छु । हवस् त धन्यवाद ।

माननीय सभामुखज्यू,

माननीय सदस्यहरु आजको लागि यो छलफल यहि समाष्त हुन्छ ।

माननीय सदस्यहरु अब यो बैठक मिति २०७६ साल असार १२ गते विहान ११ बजे सम्मको लागि स्थगित हुन्छ ।